# मसीह

एल. एम. अब्दुल्लाह

# विषयवस्तु


| | | |
|---|---|---|
| १. | अहमद र हम्दी | १ |
| २. | खुदाको बर्रा (थुमा) | ३ |
| ३. | खुदाको कलाम (वचन) | ७ |
| ४. | खुदावंदको कुर्बानी (बलिदान) | ११ |
| ५. | गुनाह | १६ |
| ६. | इब्राहिम्‌का पुत्र | २१ |
| ७. | खुदा एक हुनुहुन्छ | २६ |
| ८. | खुदा र मानिस | ३३ |
| ९. | छलफलका लागि प्रश्नहरू | ४१ |
| १०. | अनुसूची | ४४ |
| ११. | शब्दसूची | ४५ |

# अहमद र हम्दी

अहमद एउटा अफिसमा काम गर्थे । उनी आफ्नो अफिसमा पूरै असन्तुष्ट थिए त भन्न मिल्दैन तर विभागीय प्रमुखसग काम गर्न उनलाई कठीन थियो, जसले अहमदलाई उनी को हुन् भनी पुष्टि गर्ने मौका कहिल्यै दिएन । विभागले जब जब उनलाई अलिकति कठीन काम दिन्थ्यो, उनको हाकिम सधैँ त्यसको श्रेय लिन अघि सरिहाल्थ्यो ।

अहमदले थुप्रै पटक काम छोड्ने विचार पनि गरे, तर राम्रो काम पाउने सम्भावना त्यति थिएन र त्यतिबेलाको लागि गरिरहेको कामभन्दा अर्को उत्तम काम पाउन पनि गाह्रो थियो । त्योबाहेक, पाइरहेका कामहरूको भन्दा हाल गरिरहेको कामको तलब पनि बढी नै थियो, यसैले अहमद त्यही कम्पनीमा नै रहिरहे । पैसा एउटा महत्त्वपूर्ण तत्व थियो किनकि उनले आफ्नी पत्नी र तीन जना छोराछोरीको हेरचाह गर्नुपर्थ्यो । अहमद आफ्ना छोराछोरीमा निकै गर्व गर्थे, विशेष गरी जेठो छोरो हसनमा, जसले विश्वविद्यालयमा इन्जिनियरिङ्ग पढ्दै थियो ।

एक दिन, केही कुरा घट्यो जसले उनको काम गर्ने ठाउँको परिस्थिति उत्तम बनाइदियो । हम्दी अहमदको विभागमा आए । हम्दी, अहमदभन्दा केही कान्छा थिए, र सधैँ असल मनस्थितिमा हुन्थे, एकदमै हँसिलो अनुहार र सजिलै घुलमिल हुने खालका थिए । आखिरमा अहमदले काम गर्ने ठाउँमा साथी भेटे । तिनीहरूले दिउँसोको खान सँगै खान लागे र बेलुकी पनि भेट्घाट गर्न लागे । हम्दी पनि विवाहित थिए र खुदावंदले उनलाई दुई छोरा र दुई छोरी सहित चार जना राम्रा छोराछोरीहरू दिनुभएको थियो ।

अहमद र हम्दी असल साथीहरू बने र तिनीहरूले घरमा पनि एकाअर्कालाई

भेट्थे । तिनीहरू सँगै बसेर चियापान गर्दै कुराकानी गर्न मन पराउँथे । घण्टौं बित्ने गर्थ्यों, तिनीहरूले लगभग सबै कुरा गर्न सक्थे ।

सुरुसुरुमा, तिनीहरूले अफिसमा भइरहेको कामको बारेमा मुख्य रूपमा चर्चा गरे र त्यसपछि जीवनका एकदमै महत्त्वपूर्ण प्रश्नहरूको बारेमा चर्चा गर्न लागे । अहमद र हम्दी दुवै धार्मिक आस्था मान्ने मानिसहरू थिए, तर दुवैको विश्वास एउटै थिएन । अहमद एक मुसलमान थिए, उनको घनिष्ट मित्र हम्दी भने नियमित किताब ए मुक्कदस पढ्ने र मसीह (अलमसीह) का अनुयायी थिए ।

अहमदलाई अचम्भित पारेको कुराचाहिँ यो थियो कि जति धेरै उनले हम्दीलाई चिन्दै जान्थे त्यति नै धेरै उनको विश्वास र उनको खुदालाई कदर गर्न लागे । अहमदले थाहा पाए कि उनको साथी खुदासँगको घनिष्ठ सम्बन्धमा रमाएका छन्, जुन कुराको अनुभव उनी आफैले कहिल्यै गरेका थिएनन्, र यसले उनलाई उत्सुक बनायो । अहमदले विचार गरे कि हम्दीको खुदासँगको जीवन मसीहसँग कतै न कतै सम्बन्धित छ । एकातिर, अहमद आफैले पनि मसीहमा विश्वास गर्थे, यद्यपि एउटै प्रकारले भने होइन । कुरानमा मरियमका छोरा (इशा इब्न मरियम) येशूको बारेमा लेखिएको सबै कुरा उनले विश्वास गर्थे र मसीहप्रति उनको गहिरो सम्मान थियो । मसीह कन्या मरियम (मरियम अल-अथ्रा) बाट जन्मनुभएको हो र उहाँले खुदाको अनुमतिमा थुप्रै आश्चर्यकर्महरू गर्नुभयो अनि खुदाबाट खुशखबरी (इंजील ए मुक्कदस) पाउनुभएको थियो भन्ने उनलाई थाहा थियो । तर त्यतिबेला मसीहको जीवनको बारेमा आफूलाई कम्ती मात्रै थाहा भएको अहमदले महसुस गरे, र यी महान् प्रेरित (रसुल) को बारेमा थाहा पाउने इच्छा उनमा बढ्यो, जसको बारेमा कुरानमा समेत थुप्रै नामहरू दिइएको छ ।

एक दिन, निकै उत्सुक भएपछि आफ्नो असल साथी हम्दीलाई मसीहको बारेमा सोध्ने निर्णय गरे । त्यो निर्णयले धेरै चाखलाग्दा कुराकानीहरूमा उनलाई पुऱ्यायो ।

# खुदाको बर्रा (थुमा)

अहमदले आग्रह गरे, "मरियमका छोरा, इशा मसीहको बारेमा मलाई बताउनुहोस्", "म वास्तवमै उहाँको बारेमा अझ जान्न चाहन्छु ।"

हम्दीले एकछिन विचार गरे र त्यसपछि भने, "मसीह किन यस संसारमा आउनुभयो भनी तपाईं बुझ्न चाहनुहुन्छ भने तपाईंले बलिदान (कुर्बानी) को अर्थ बुझ्नुपर्ने हुन्छ ।"

अहमद अचम्म मान्दै "कुर्बानी ? यसको मतलब ?"

हम्दीले भन्न लागे, "हामीले इद् अल-अथ्हा (बलिदानको चाड) मा कुर्बानीको अर्थ देख्छौं । तपाईंलाई थाहा छ, कि खुदाले कहिले इब्राहिम् (अब्राहाम) लाई उनको छोरा कुर्बानी गर्न भन्नुभयो । इब्राहिम्को छोरालाई के हुन्थ्यो होला यदि खुदा (अल्लाह) ले उनको साटो (फिदिया) मा एउटा बर्रा (बलि) नजुटाइदिनु भएको भए ?"

अहमदले भने, "इश्माइल मर्ने थिए ।"

हम्दीले उत्तर दिए, "कुर्बानीको अर्थ त्यही हो", "कुनै व्यक्तिको साटोमा कुनै अर्को मर्छ । खुदाले एउटा भेडा पठाउनुभयो जुन उनको साटोमा मऱ्यो । म पनि इब्राहिम्को छोरा भएको ठाउँमा छु । म मृत्युको शक्तिमुनि छु," हम्दीले भने ।

"के भन्न खोजेको ?" अलि अप्ठ्यारो मान्दै अहमदले भने ।
हम्दीले गम्भीर आवाजमा जवाफ दिँदै भने, "यो किताब ए मुक्कदस (पवित्र पुस्तक) मा लेखिएको छ:
'गुनाहको ज्याला (मजदूरी) मृत्यु हो ।' (१)

"मेरो गुनाहको ज्याला मृत्यु हो । म एक गुनहगार हुँ । हो, यो सत्य हो कि अरू मानिसहरूले मलाई एकदमै धार्मिक (रास्तबाज) मानिस देख्छन् । म दिनहुँ खुदासँग दुवा गर्छु, म उहाँको किताब पढ्छु अनि उहाँको खिदमत् (सेवा) गर्छु । तर खुदाको सामु म एक गुनाहगार हुँ । के खुदा बाहेक अरु कोही सिद्ध छ ?" हम्दीले सोधे ।

"छैन !" अहमदले उत्तर दिए । "कोही छैन तर खुदा मात्र हुनुहुन्छ ।"

"यसैले खुदाको सामु हामी सबै गुनाहगारहरू हौं, होइन त ?" हम्दीले सोधे ।

अहमद सहमत भए, "हो, यही सत्य हो ।"

"त्यसो भए इब्राहिमको छोरा रहेकै स्थानमा, मृत्युको शक्तिमुनि म छु । तर मेरो गुनाहको कुर्बानी कहाँ छ ? के खुदाले मेरो साटोमा कुर्बानी हुनको लागि एउटा बर्रा पठाउनुभएको छ ?" हम्दीले सोधे । अहमदलाई के भन्ने भनी पक्का भएन । हम्दीले फेरि भने, "बप्तिस्मा दिने यूहन्ना (यह्या इब्न जकरिया) मसीहको समकालिन थिए । पहिलो पटक मसीहलाई देख्दा उनले भने:

'हेर खुदाको थुमा, जसले संसारको गुनाह उठाइलानुहुन्छ !' (२)

"मसीह मानिसको बर्रा हुनुहुन्नथ्यो । उहाँ खुदाबाट आउनुभयो । उहाँ माथिबाट आउनुभयो । खुदाको आत्मा (रुह अल्लाह) ले कन्या मरियमलाई छायाँ पार्नुभयो । उनी गर्भवती भइन् र एउटा छोरा जन्माइन् । तपाईंलाई थाहा भएझैँ, उहाँलाई 'मरियमका छोरा इशा', 'खुदाको कलाम (कालिमात् अल्लाह)' र 'खुदाको रुह (रुह अल्लाह)' भनियो । उहाँ शुद्ध हुनुहुन्थ्यो । उहाँ स्वर्गबाट खुदाको थुमा (बर्रा) को रूपमा आउनुभयो । खुदाको सामु सिद्ध जीवन जिएर मसीहले उहाँ खुदाको बर्रा हुनुहुन्छ भनी प्रमाणित गर्नुभयो । उहाँले यस्तो भन्ने समय कहिल्यै आएन 'महान् खुदा, क्षमादानको लागि म तपाईंसँग विन्ती गर्छु (तौबा अस्तागफर अल्लाह)' ।

किनकि उहाँ खुदाको सिद्ध बर्रा हुनुहुन्थ्यो । तर संसारको गुनाह उठाइ लैजान खुदाको बर्राको रूपमा उहाँ जन्मनु भएकोले उहाँ कुर्बानी हुनुपर्ने थियो । यो त्यतिबेला हुनपुग्यो जब उहाँले आफ्नै स्वतन्त्र इच्छामा आफ्नो जीवन मर्नको लागि दिनुभयो । उहाँ मृतकबाट जीवित भइ उठ्नुभयो र जीवितै जन्नत (स्वर्ग) जानुभयो । अनि एक दिन उहाँ यस संसारमा फर्किआउनु हुनेछ ।"

हम्दी केही समयको लागि चुप लागे, अहमदलाई हेरे र भने, "म इब्राहिम्को छोरा भएको स्थानमा छु । म मृत्युको शक्तिमुनि छु । तर मसीह, खुदाका शुद्ध बर्रा मेरा गुनाहको लागि कुर्बान हुनु भएको छ । अब, उहाँको बर्राद्वारा, खुदाले हाम्रा सबै गुनाहहरू क्षमादान दिन र हामीलाई स्वर्गलोक (जन्नत) मा अबदी जिन्दगी (अनन्त जीवन) दिन चाहनुहुन्छ । तपाईं अहमद लगायत सबै मानव जातिको गुनाह मसीहले बोक्नुभएको छ ।"

अहमद धेरै बेरसम्म सोंच्दै शान्त बसे । त्यसपछि भने, "यदि मसीहले सारा संसारको गुनाह उठाउनुभयो भने, म मर्नुपर्दैन.....यस्तो अवस्थामा मसँग अनन्त जीवन छँदैछ ।"

हम्दीले भने, "अहमद, मानिलिनुहोस् आज तपाईंको जन्मदिन हो अनि मसीह तपाईंकहाँ उपहार लिएर आउनुभएको छ र ढोका ढक्ढकाउनु भएको छ । उहाँले तपाईंलाई भन्नुहुन्छ, 'अहमद, म तिमीलाई एउटा उपहार दिन चाहन्छु तिम्रा सबै गुनाहहरूको क्षमादान, अनन्त जीवन र आजदेखि खुदासँगको एउटा जीवित र व्यक्तिगत सम्बन्ध दिन चाहन्छु । तर त्यसको लागि केही सर्तहरू छन् । तिमी आफ्ना गुनाहहरूबाट फर्कनुपर्छ, यसलाई स्वीकार गर्नुपर्छ र तिम्रो लागि मैलै दिएको कुर्बानीद्वारा माफी कुबूल गर्नुपर्छ । यदि तिमीले यो कुवूल गऱ्यौ भने यो तिम्रो हुनेछ, नत्र हुनेछैन ।'"

अहमद, विचार गर्दै बसे । उनले अलमल्ल भएको महसुस गरे र के भन्ने भनी उनलाई थाहा भएन । हम्दीले भने, "सायद तपाईंलाई यो अलि गाह्रो उदाहरण भयो भन्ने लाग्न सक्छ, तर हरेक पटक खुदाका सेवकहरूले खुदाकहाँ जाने

बाटो मसीह हुनुहुन्छ भनी वर्णन गर्छन्, मरियमका छोरा जो जीवित र बौरी उठ्नु भएका इशा मसीहले साँच्चै हाम्रो ढोका ढक्ढकाई रहनु भएको छ । उहाँले किताब ए मुक्कदसमा भन्नुहुन्छ:

"हेर, म ढोकामा उभिएर ढकढक्याउँछु । कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ ।" (३)

हम्दीले थप भने, "मसीहको निम्ति ढोका खोल्नु र उहाँसँगै बसेर रोटी भाँच्न र मसँग संगति गर्न मेरो जीवनमा बोलाउनु भनेकै खुदाको उपहारलाई ग्रहण गर्नु हो, जुन उपहार खुदाले हरेकलाई दिन चाहनुहुन्छ ।"

"हम्दी, मसीहको बारेमा तपाईंले बताएका कुराले मलाई एकदमै छोयो । हाम्रो कुराकानीको बारेमा विचार गर्न मलाई समय चाहिन्छ । तर अर्को पटक भेट्दा मसीहको बारेमा अझ बढी जान्न चाहन्छु ।"

"अस्सलामु अलैकुम (तपाईंसँग शान्ति रहेको होस्) ।"
"वालेकुम सलाम (तपाईंसँग पनि शान्ति रहोस्) ।"

# खुदाको कलाम (वचन)

"मरियमका छोरा इशा मसीहको बारेमा तपाईंले पछिल्लो पटक भन्नुभएको कुराले मलाई एकदम विचार गर्ने तुल्यायो," अहमदले अलिकति अप्ठ्यारो मान्दै भन्न लागे । "मसीहको बारेमा कुराकानी गर्नुअघि मसँग भएका थुप्रै प्रश्नहरूको जवाफ दिन तपाईं अप्ठ्यारो मान्नुहुन्न होला भन्ने आशा राख्छु ।"

अहमदले के भन्न लागेका छन् भनी अलिकति थाहा पाएर हम्दीले जवाफ दिए, "पक्कै पनि, भन्नुहोस् ।"

फेरि अहमदले भन्न लागे, "तपाईंलाई थाहा छ हामी मुसलमानहरूले आसमानी (स्वर्गीय) किताबहरू - तौरेत (मोशाका पाँच पुस्तकहरू), जबूर (दाऊदका भजनहरू), इंजील ए मुक्कदस (येशूको खुशखबरी) र पवित्र कुर'आनमा विश्वास गर्छौं । तर कुर'आन बाहेक अरू किताबहरू यहूदीहरू तथा इसाईहरूले बङ्ग्याएर विगारेका छन् र त्यसमा लेखिएका कुराहरू अब विश्वास गर्न सकिन्न भनी हामीलाई सिकाइएको छ । यसैले तपाईंले विश्वास गरेको पवित्र किताब (किताब ए मुक्कदस) विगारिएको (मुहार्रफ) अवस्थामा छ र सत्य तथा झूटलाई मिलाइएको छ ।"

"तपाईंले भनेको कुरालाई पुष्टि गर्ने के कुनै ऐतिहासिक प्रमाण छ ?" हम्दीले सोधे ।

अहमदले एकछिन विचार गरे र उनको अवाकपनले जनायो कि यस्तो ऐतिहासिक कुरा उनले कहिल्यै सुनेका थिएनन् तर आधारहीन भनाइहरू मात्रै सुनेका थिए ।

हम्दीले फेरि भने, “कहिले यो बिगारियो र यो गर्न कसरी सम्भव भयो भनेर के तपाईं भन्न सक्नुहुन्छ ?”

अहमद अलिकति झस्किदै भने, “अहँ, म भन्न सक्दिनँ, यी प्रश्नको जवाफ मलाई कसैले पनि कहिल्यै दिएको छैन ।”

केही क्षणपछि हम्दीले सोधे, “के तपाईंलाई लाग्छ, कुर'आन मिलावट हुन सक्छ ?”

“अस्तागफर अल्लाह (खुदासँग माफी चाहन्छु) !” अहमदले ठूलो स्वरमा भने । “त्यो एकदमै असम्भव छ । विश्वासीहरूले त्यसलाई मिलावट बनाउन कहिल्यै मौका दिने थिएनन् ।”

हम्दीले उत्तर दिए, “किताब ए मुक्कदसलाई हामीले बेग्लै प्रकारले हेर्नुपर्छ भनी तपाईं किन विचार गर्नुहुन्छ ? साँचो विश्वासीहरूले पवित्र धर्मशास्त्रमा परिवर्तन गरेर एउटा मिलावट भएको किताब ए मुक्कदस निकाल्न किन अनुमति दिन्थे होला र ? म स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वज्ञानी र सर्वशक्तिमान खुदालाई विश्वास गर्छु । उहाँ जसले मानव जातिलाई आफ्नो कलाम दिनुभयो, उहाँसँग त्यसलाई मिलावट हुन नदिई जोगाई राख्ने शक्ति पनि छ ।”

अहमदको आँखामा हेर्दै हम्दीले सोधे, “अहमद, के तपाईं विश्वास गर्नुहुन्छ कि भइरहेका हरेक कुरा खुदावंदको इच्छा अनुसार हुन्छ ?”

“हो, म विश्वास गर्छु,” अहमदले जवाफ दिए ।

हम्दीले भने, “के तपाईं विश्वास गर्नुहुन्छ कि खुदाले पहिला संसारलाई आफ्नो कलाम दिनुभयो अनि यो मिलावट हुनुपर्छ भनेर निर्णय गर्नुभयो, अथवा के सर्वशक्तिमान खुदासँग आनो कलाम मिलावट हुनदेखि जोगाउने शक्ति छैन ?”

“पक्कै पनि, खुदासँग आनो कलाम मिलावट हुनदेखि जोगाउने शक्ति छ,” अहमद सहमत भए ।

"के तपाईंलाई थाहा छ अहमद, किताब ए मुक्कदस एक गजबको किताब हो ? यो करीब १४०० बर्षको अवधीमा लेखियो । यसमा तौरेत (मोसाका पाँच पुस्तक), जबूर (भजनसंग्रह), इंजील ए मुक्कदस (खुशखबरीका किताब) र अरू धेरै किताबहरू छन्, जुन खुदाका प्रेरितहरू (रसुल) र अगमवक्ताहरू (अम्बिया) द्वारा लेखियो । किताब ए मुक्कदस दुई भागमा विभाजन गरिएको छ: पुरानो अहद्नामा (करार), जसले मसीहको जन्म भन्दा अगाडिका कुराहरूलाई समेटेको छ, अनि नयाँ अहद्नामा, जो संसारमा मसीहको आगमनबाट सुरु भएको छ । किताब ए मुक्कदस तीनवटा बेग्लाबेग्लै भाषाहरूमा लेखिएको थियो ।

"ती कुन भाषाहरू थिए ?" अहमदले जिज्ञासा राखे ।

"यो इब्रानी (हिब्रू), आरमेइक र यूनानी (ग्रीक) भाषामा लेखिएको थियो," हम्दीले उत्तर दिए । "खुदाले हामीलाई आफ्नो कलाम दिदा थुप्रै विभिन्न खाले मानिसहरूलाई चलाउनुभयो । कतिपय राजाहरू वा शासकहरू थिए, अरूहरू गोठालाहरू र मछुवारहरू थिए । किताब ए मुक्कदस खुदाबाटको एउटा मोजेजा (आश्चर्यकर्म) हो किनकि यति लामो समय र लेख्ने कार्यमा संलग्न विभिन्न मानिसहरूको भिन्नताको बाबजूद पनि पूरै किताबले एउटै सार पक्रेको छ । अहमद, किताब ए मुक्कदस भरि एउटा साझा विषयवस्तु छ र त्यो विषयवस्तु ईशा अल मसीह हुनुहुन्छ ।"

अहमदले छक्क पर्दै भने, "खुदाले मसीहको बारेमा १४०० बर्षसम्म भन्नु भएको कुरा सत्य हुनसक्छ ?"

हम्दीले मुस्कुराउँदै भने, "अहमद, खुदाले मसीहको बारेमा सारा इतिहास भरि र अहिले पनि बोल्नुभएको छ ।"

अहमदले शंका गर्दै भने, "के यो वास्तवमा सम्भव छ ?"

हम्दीले उत्तर दिए, "हो, निश्चय नै सम्भव छ, किनकि खुदामा सबै कुरा सम्भव छ, तर हामी अर्को पटक भेट गर्दा त्यो कुरा गर्नेछौं ।"

अहमदले भने, “हुन्छ, म यसको प्रतिक्षा गर्छु ।”

“अस्सलामु अलैकुम ।”

“वालेकुम सलाम ।”

# खुदावंदको कुर्बानी (बलिदान)

"किताब ए मुक्कदस भरि नै मसीह विषयवस्तु कसरी बन्न सक्नुहुन्छ भन्ने कुरामा म साँच्चै जान्न उत्सुक छु," अहमदले भने ।

हम्दीले सोधे "हाम्रा गुनाहहरू बोक्ने खुदाका बर्रा (थुमा)को रूपमा मसीह हुनुहुन्छ भनी हामीले पहिले कुराकानी गरेका थियौं, के तपाईंलाई याद छ ?"

"अवश्य पनि, मलाई याद छ," अहमदले जवाफ दिए । "म त्यो कसरी बिर्सन सक्छु ?"

हम्दीले भने, "खुदाले इतिहास भरि र मरियमका छोरा ईशा मसीहसम्म मानवजातिलाई कुर्बानीको बारेमा सिकाइरहनु भएको छ ।"

अहमदले सोधे, "कसरी ?"

हम्दीले सोधे, "कयिन (काबिल) र हाबिलको समयमा पृथ्वीमा कति जना मानिसहरू थिए ?"

अहमदले एकछिन सोंचेर जवाफ दिए, "चार - आदम, हव्वा, कयिन र हाबिल ।"

हम्दीले भने, "जम्मा चार जना, र पनि तिनीहरूले खुदाको इवादत् (आराधना) कुर्बानी सहित गर्नुपर्छ भन्ने आवश्यकता बुझे । तिनीहरूले यो कसरी थाहा पाउन सक्थे होला ?" हम्दीले सोध्दै भने, "किनकि खुदा पवित्र र शुद्ध हुनुहुन्छ तर मानिस एक गुनेहगार हो र उसको गुनाहको मूल्य तिर्नु पर्छ । नुह (सायेद्ना नोह) ले खुदालाई कुर्बानी सहित इवादत् गरे ।

हाज्रत इब्राहिम (सायेद्ना इब्राहिम) ले खुदालाई एउटा कुर्बानी (बलिदान)

सहित इवादत् गरे । हाज्रत मुसा (सायेद्ना मुसा), हाज्रत दाऊद (सायेद्ना दाऊद) र सबै रसुल (प्रेरितहरू) र अगमवक्ता (नवी) हरूले खुदालाई कुर्बानी सहित इवादत् गरे ।" हम्दीले थपे, "म पनि रसुलहरू र नवीहरूले जस्तै खुदाको इवादत् गर्छु ।"

सम्पूर्ण अनुहारमा मुस्कान छर्दै अहमदले भने, "होइन, अहिले तपाईं मजाक गर्दै हुनुहुन्छ । खुदालाई इवादत् गर्न तपाईं बजारमा भेडा किन्न जानुहुन्न ।"

"म खुदालाई मसीह, खुदाका बर्राद्वारा इवादत् गर्छु जसले मेरा गुनाहहरू बोक्नुभयो र उहाँ कुर्बान हुनुभयो," हम्दीले जवाफ दिए । "यो पवित्र पुस्तक (किताब ए मुक्कदस) मा लेखिएको छः

किनकि खुदा एउटै हुनुहुन्छ, खुदा र मानिसहरूका बीचमा मध्यस्थ (वसिला) पनि एउटै हुनुहुन्छ, मानिस, मसीह येशू । उहाँले सबैका छुट्काराको कफारा (मोल) को निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो । (१)

"खुदा एउटै मात्र हुनुहुन्छ अनि खुदा र हाम्रो बीचमा एक जना मात्रै मध्यस्थकर्ता हुनुहुन्छ, जो मसीह हुनुहुन्छ, उहाँले सबैको निम्ति अनि अहमद तपाईं र मेरो निम्ति एउटा मूल्य (फिदा) तिर्नुभयो । इतिहासदेखि हालसम्म मानिसहरूले जीवित खुदालाई कुर्बानी सहित इवादत् गरेका छन् ।"

"तपाईंले भन्न खोजेको कुरा म अलिअलि बुझ्दैछु जस्तो लाग्यो तर पूरा तस्विर बुझ्नको लागि तपाईंले मलाई अलि विस्तारमा बताउनुपर्छ," अहमदले जिज्ञासा राख्दै भने ।

केही क्षणपछि हम्दीले जवाफ दिए, "खुदाले इतिहासमा कुर्बानीको अर्थ र उद्देश्य प्रकाश पार्नुभयो, विशेषगरी तौरेतमा मुसाद्वारा प्रकाश पार्नुभयो । मुसाको व्यवस्थाको (शरीयत) समग्र शिक्षाले तल दिइएका धर्मशास्त्रका खण्ड (आयात) हरूमा कुर्बानीको अर्थ गुनाहको बदलामा दिइने मूल्य हो भनी प्रष्ट पारेको छः

'वास्तवमा, व्यवस्था अनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन गुनाहको माफी हुन सक्दैन ।' (२)

अहमदले जिज्ञासा राखे, "तर कुर्बानीका यी सबै शिक्षासँग मरियमका छोरा ईशा मसीहको के सरोकार छ र ?"

हम्दीले भने, "अँ, कुर्बानीको अर्थसम्बन्धी शिक्षाको चर्चा गर्दा मसीहको बारेमा थुप्रै भविष्यवाणीहरू भएका थिए । यी भविष्यवाणीहरूमा मसीह यस संसारमा आएर हाम्रो गुनाहको मूल्य स्वरुप (कफाराको स्वरुप) कुर्बानी हुनेछ भनी गरिइएको भविष्यवाणीहरू थियो ।" हम्दीले किताब ए मुक्कदस लिएर खोले । अहमदलाई देखाउँदै उनले भने, "मसीह आउनु भन्दा करिवन ७०० बर्ष अघि भविष्यवक्ता यशैयाले मसीहको कुर्बानीको बारेमा बताएको विशिष्ट विवरणलाई आफै हेर्नुहोस्:

'निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई खुदाबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं ।

तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।

हामी सबै भेडाझैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र खुदाले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ ।

ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन । मारिनलाई लगेको बर्रा जस्तै ऊ डोऱ्याएर लगियो । आफ्नो ऊन कत्रनेको सामु भेडा मौन भएझैं उसले पनि आनो मुख खोलेन ।'" (३)

यो अगमवाणीको वचनले अहमदलाई भित्रैदेखि छोयो र गम्भीर हुँदै भने, "के तपाईं यो अगमवाणी मरियमका छोरा ईशा मसीहको जन्मभन्दा सयौं बर्ष अघि

लेखिएको थियो भन्दै हुनुहुन्छ ?"

हम्दीले भने, "हो । भविष्यवक्ताहरूका अनुसार मसीह नवी दाऊद (नवी दाऊद) को घरानाबाट आउदै हुनुहुन्थ्यो । मसीह भन्दा करीब एक हजार बर्षअघि नवी दाऊदले उनको भविष्यको पुत्र मसीहको क्रूसको मृत्युको (सलिबी मौत) बारेमा एकदमै सटिक विवरण दिएका छन् । क्रूसको मृत्यु एकदमै ढिलो हुने र पीडादायक मृत्युदण्ड थियो । केही क्षणपछि क्रूसमा टाँगिएको व्यक्तिको हड्डीका जोर्नीहरू फुस्किन्थ्यो, यसबाहेक त्यो व्यक्ति अत्यन्तै तिर्खाउँथ्यो । नवी दाऊद लेख्छन्:

'म त पानीझैँ पोखिएको छु, र मेरा साना हड्डीका जोर्नीहरू फुस्केका छन् । मेरो मुटु मैन जस्तै भइसकेको छ, मेरो छातीभित्र त्यो पग्लेको छ । माटोका खपटोझैँ मेरो बल सुकिसकेको छ, र मेरो जिब्रो मेरो तालुमा टाँसिएको छ । तपाईंले मलाई मृत्युको धूलोमा मिलाउनुभएको छ ।

कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेडेका छन् ।

मेरा सबै हाडहरू म गन्न सक्छु, मानिसहरू द्वेषसाथ मलाई एकटक लाएर हेर्छन् ।

तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन् ।' (४)

"दाऊदले यो त्यो समयमा लेखेका थिए जुन समयमा मृत्यूदण्डको लागि क्रूसमा टाँग्ने प्रचलन सुरु समेत भएको थिएन । यो धेरै पछि मसीहको समयमा रोमीहरूले अविष्कार गरी प्रचलनमा ल्याएका हुन् ।

अहमदले सोधे, "त्यसोभए यी सबै भविष्यवाणीहरू मरियमको छोरा ईशा मसीहमा पूरा भयो भनी तपाईं भन्नुहुन्छ ?"

हम्दीले जवाफ दिए, "हो, त्यतिमात्रै होइन, अरू धेरै भविष्यवाणीहरू समेत

पछि ईशा मसीहमा पूरा भयो । ईशा मसीह आफैले समेत उहाँ छुट्काराको मुल्य (फिदा) तिर्नको लागि आफ्नो जीवन अर्पण गर्न आउनुभएको हो भनी थुप्रै अवसरहरूमा बताउनुभयो । उहाँले आफ्नो बारेमा भन्नुभयो:

'किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुट्काराको मोलको निम्ति आनो प्राण दिन आएको हो ।' (५)

"अहमद, मानवजातिको लागि कुर्बानीको सम्बन्धमा खुदाको शिक्षा किताब ए मुक्कदस भरि कसरी रहेको छ र ईशा मसीहद्वारा यो कसरी पूरा हुँदै आएको छ भनी के तपाईंले अहिले बुझ्नुभयो ?"

अहमदले भने, "हम्दी, मैले यो पहिला कहिल्यै सुनेको थिइनँ । यो एकदमै चाखलाग्दो छ । विचार गर्नको लागि मलाई अझै समय चाहिन्छ । तर चिन्ता नगर्नुहोस्, म अझ धेरै प्रश्नहरू लिएर तपाईंकहाँ आउनेछु ।"

हम्दीले भने, "कृपया, यो किताब ए मुक्कदस मेरो तर्फबाट एक उपहारको रूपमा लिनुहोस् । नयाँ अहद्नामाबाट पढ्न सुरु गर्नुहोस् जहाँ तपाईंले मसीहको जीवन तथा उहाँका अचम्मका चमत्कार र शिक्षाको बारेमा पढ्न सक्नुहुनेछ ।"

अहमदले भने, "धन्यवाद, मैले 'किताबका मानिसहरू' (अहले-किताब) को बारेमा धेरै सुनेको छु, तर यो किताब म आफैले पहिला कहिल्यै पढेको छैन । मरियमका छोरा ईशा मसीहका शिक्षा र चमत्कारको बारेमा पढ्न म अत्यन्तै उत्सुक छु ।"

"अस्सलामु अलैकुम ।"

"वालेकुम सलाम ।"

# गुनाह

अहमदले विस्तारै सोधे, “हम्दी, हाम्रो पछिल्लो भेटपछि, म मसीहको बारेमा र मानवजातिको गुनाहको छुट्काराको मुल्य स्वरूप कसरी मसीहले आनो जीवन दिनुभयो भनी विचार गर्दै थिएँ । तर त्यहाँ अझ एउटा कुरा छ जुन कुरा म जान्न चाहन्छु । गुनाह (अल-खतिया) कहाँबाट आयो र कसरी सबै मानवजातिलाई गुनाहसँग समस्या भयो ? के तपाईंले त्यो कुरा विस्तृत रूपमा बताउन सक्नुहुन्छ ?” अहमदले गम्भीर भावले सोधे ।

हम्दीले विचारशील हुँदै जवाफ दिए, “हो, मलाई पनि त्यस्तै लाग्छ तर हामी अलि विगतमा गएर गुनाह कहाँबाट आयो भनेर बुझ्न सुरुको समयमा जानुपर्छ । तौरेत (पाँच पुस्तक) मा हामी खुदाले संसार र मानव जातिलाई बनाउनु भएपछि उहाँले मानिसलाई जन्नत (स्वर्ग) मा राख्नुभयो भनी पढ्छौं । जन्नतमा, मानिस शुद्ध थियो र खुदासँगको सिद्ध सम्बन्धमा जिउँथ्यो । तर तपाईंलाई थाहा भएझैं, केही कुरा भयो जसले स्वर्गलोकको जीवनलाई नष्ट पारिदियो । अहमद, के भयो ?”

अहमदले भने, “शैतान आयो र सबैकुरा नष्ट पारिदियो ।”

हम्दीले जवाफ दिए, “हो ठ्याक्कै त्यही भयो ! खुदाले यसो भनेर मानिसलाई असल र खराबको ज्ञान दिने रुखको फल खान मनाही गर्नुभयो:

‘बगैंचाका सबै रुखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रुखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।’ (१)

“तर शैतान सर्पको रूपमा आयो अनि आदम र हव्वालाई परीक्षामा

(आज्मायिस्मा) पार्‍यो । तिनीहरू खुदाप्रति नाफर्मानी (अनाज्ञाकारी) भए र त्यो फल खाए । त्यसको नतिजा मानवजातिको लागि भयानक थियो । मानवजातिको जीवनमा गुनाहको प्रवेश भएपछि सबैजना गुनहगार बने ।"

अहमदले अलि शंका गर्दै सोधे, "के सबै वास्तवमै गुनहगार बने ? यो कुरा स्वीकार गर्न मलाई अलि गाह्रो भयो । यदि यो सत्य हो भने, कसरी सबै जना गुनहगार बने ?"

हम्दीले भने, "मानवजाति उसले खाएको फल जस्तै बन्यो, ऊ असल र खराबको अनौठो मिश्रण (मिलावट) बन्यो । कुनै बेला कुनै व्यक्ति एकदमै बुद्धिमान र उत्कृष्ट काम गर्छ अनि केही क्षणपछि त्यही व्यक्ति एकदमै खराब धोखाबाजीमा संलग्न हुन्छ र सायद आफ्नै छिमेकीलाई धोखा दिने र ठग्ने काम गर्छ । एक मिनेटको लागि, कुनै व्यक्ति एकदमै प्रेमिलो र समझदार हुन्छ अनि अर्को मिनेटमा ऊ रिस, स्वार्थ, कामवासना वा गुनाहका अन्य चरित्रले भरिन्छ । अहमद तपाईंले भन्नुभएझैँ सारा मानवजाति यो समस्यासँग संघर्ष गरिरहेको छ । हरेक धर्मले यो समस्याको बारेमा बताएको छ । हरेक राष्ट्रले गुनाह र यसका कर्महरू नियन्त्रण गर्न कानूनहरू बनाएका छन् । खराब कुरा त यो हो कि मानिसहरू गुनाह गरेको कारण तिनीहरू गुनहगार भएका होइनन् तर तिनीहरू गुनहगार भएका कारणले गुनाह गरेका हुन् । यो मानिस भित्र रहेको एउटा सानो कारखाना जस्तै हो, जसले गुनाह र खराब उत्पादन गर्छ, होइन त ?" अहमदलाई नियाल्दै हम्दीले भने ।

अहमदले जवाफ दिए, "म माफी चाहन्छु कि तपाईंले मानवजातिको बारेमा बताउनुभएको विवरण एकदम मिल्छ, तर यो परिचित्रणमा शैतान कहाँ अटाउँछ ?"

हम्दीले जवाफ दिए, "गुनाहद्वारा नै शैतानले मानवीय जीवन र समाज माथि शक्ति हासिल गर्‍यो, जसले आदम र हव्वालाई परीक्षा (आजमायिस्) गर्‍यो, उसले त्यही काम आज पनि गरिराखेको छ । उसले अहिले पनि मानिसहरूलाई

परीक्षा गर्छ ताकि मानिसहरू निरन्तर गुनाहमा जिइरहून् । शैतानले मानिसहरूको जीवनमाथि शक्ति हाँसिल गरेको गुनाहद्वारा नै हो । किनकि गुनाहले नै हामीलाई खुदाबाट अलग गर्छ । गुनाहले गर्दा नै आज दुनियाँ यस्तो भएको हो । खुदाले सबै कुरा असल बनाउनुभयो तर मानवजातिले दुष्टताको ठूलो सम्भौता संसारमा ल्यायो, उदाहरणको लागि युद्धहरू र दमनहरू, र यससँगै आउने थुप्रै टुटेका सम्बन्धहरू, धेरै खाले पीडाहरू ल्यायो जसले मानिसहरूका जीवन नष्ट भयो ।"

अहमदले आश्चर्य मान्दै, "त्यसो भए, तपाईं भन्दै हुनुहुन्छ कि खुदाले हामीलाई यस्तो बनाउनु भएको होइन तर यो दुनियाँ यस्तो हुनुको कारण आदमको गुनाहले गर्दा हो ?"

हम्दीले जवाफ दिए, "एकदम सही ! मानवजातिमा गुनाह आदमद्वारा आयो, जस्तो लेखिएको छः

'एक जना मानिसद्वारा दुनियाँमा गुनाह आयो, र गुनाहबाट मौत । यसरी सबै मानिसले गुनाह गरेका हुनाले सबै मानिसमा मौत फैलियो ।' (२)

"सबैभन्दा खराब परिणाम मौत (मृत्यू) थियो, जिस्मानी (शारीरिक) र रुहानी (आत्मिक) दुवैको मौत ।"

"जिस्मानी र रुहानी मौत ?" प्रश्नात्मक मुहारका साथ हम्दीलाई हेर्दै अहमदले भने, "रुहानी मौत (आत्मिक मृत्यु) भनेको खास के हो ?"

हम्दीले भन्न लागे, "खुदाले मानिसलाई भन्नुभयो कि यदि उसले रुखको फल खाएमा ऊ पक्कै मर्ने थियो अनि खुदा धर्मी (रास्तबाज) हुनुहुन्छ र सधैं आफ्नो कलाम अनुसार गर्नुहुन्छ, मौत मानवजातिमा आयो र सबै मानिसहरू मर्छन् । तर जब मानिसले गुनाह गऱ्यो ऊ आत्मिक (रुहानी) रूपमा पनि मऱ्यो ।"

हम्दीले प्रश्न गरे, "कसरी ?"

हम्दीले जवाफ दिए, "गुनाहको परिणाम स्वरूप मानिस जन्नतबाट बाहिर

धपाइयो । उसलाई त्यो ठाउँबाट हटाइयो जहाँ ऊ खुदासँगको पवित्र र सिद्ध सम्बन्धमा जिउदथ्यो । मानिस जन्नत बाहिर बस्नुपर्‍यो । गुनाहको कारण जीवित तथा पवित्र खुदाबाट अलग बनेपछि मानिस आत्मिक रूप (रुहानी तोर) मा मर्‍यो । यसैले गुनाह र दुष्टता नै हो जसले मानवजातिलाई खुदाबाट अलग गरायो । हामी स्वभाविक रूपले खुदासँगको घनिष्ट सम्बन्धमा जिउन नसकेको गुनाहले गर्दा नै हो । खुदा शुद्ध र पवित्र हुनुहुन्छ त्यसैले गुनाहसँग उहाँको कुनै सम्बन्ध हुन सक्दैन । यसैकारण हाम्रा सबै गुनाहका परिणामहरूबाट बचाउन हामीलाई एक जना उद्धारकर्ता (मुनाज्ये/नजात दिनेवाला) को खाँचो पर्छ । अहमद, तपाईंका सबै गुनाहहरू कतै लेखिएको छ भनी के तपाईं विश्वास गर्नुहुन्छ ?"

अहमद अलिकति चिन्तित हुँदै भने, "मलाई थाहा छ ती सबै दुई जना स्वर्गदूतहरूले लेखेका हुन्छन् जसले हामी हरेकलाई पछ्याइ राखेका छन् ।"

हम्दीले भने, "खुदालाई हाम्रो बारेमा सबै कुरा थाहा छ । हरेक असल काम र हरेक खराब काम । हरेक शब्द, हरेक विचार, हरेक नियत (नेया) उहाँलाई थाहा छ । खुदाले सबै कुरा लेखिराख्नु भएको छ । न्यायको दिन (कियामतको दिन) मा कसरी हिसाब किताब हुनेछ भनेर के तपाईंलाई थाहा छ ?"

"छैन, खुदालाई मात्र थाहा छ ।" अहमदले विस्तारै भने ।

"खुदाले तपाईंलाई प्रेम(मुहब्बत्) गर्नुहुन्छ अहमद । खुदाको बर्रा, मरियमका छोरा ईशा मसिहलाई नबिर्सनुहोस् जसले हाम्रा सबै गुनाह आफैले बोक्नुभयो ।" हम्दीले मधुर स्वरमा भने ।

अहमदले केही बेर विचार गरे र सोधे, "यदि ईशा मसीह यति महत्त्वपूर्ण हुनुहुन्छ भने किन आदम र हव्वाले उहाँको बारेमा सुन्न पाएनन् ?"

"तिनीहरूले मसीहको बारेमा सुनेका थिए भनी मैले भनेमा के तपाईं विश्वास गर्नुहुन्छ ?" हम्दीले सोधे ।

"मलाई लाग्दैन कि, उहाँको बारेमा तिनीहरूले सुन्न सम्भव थियो होला भनेर," अहमदले जवाफ दिए ।

हम्दीले भन्न लागे, "खुदाले मानिसलाई प्रेम गर्नुहुन्छ र ऊसँग सम्बन्ध राख्न चाहनुहुन्छ । यसैले उहाँले सुरुवातदेखि नै मसीहको बारेमा बताउनुभयो । खुदा र मानिसको सम्बन्धको बिछोड हुँदै गर्दा आदम र हव्वाले उद्धारकर्ताको (मुनाज्ये/नजात दिनेवाला) प्रतिज्ञा (वाइदा) पाएका थिए, जसले एक दिन मानिसमाथि रहेको शैतानको शक्तिलाई कुल्चनुहुने थियो । आदम र हव्वाले सुन्नेगरी खुदाले शैतानलाई भन्नुभयो:

'तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर (शर) कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो (एडी) डस्नेछस् ।' (३)

"किताब ए मुक्कदसभरि छोराहरूको नाम तिनीहरूको पिताबाट चिनाईएको छ, अब्राहामको छोरा, याकूबको छोरा र यस्ता धेरै । तर यहाँ किताब ए मुक्कदसले पुरुषको होइन तर स्त्रीको सन्तानको विषयमा बताएको छ । कोही आउनुपर्ने थियो, जसको जैविक बुबा हुन हुँदैनथ्यो तर स्त्रीको मात्र सन्तान हुनु पर्दथ्यो । यो छोराले मानिसमाथिको शैतानको शक्तिलाई कुल्चनुहुने थियो, जबकि शैतानले सर्पले जस्तै स्त्रीको छोरालाई मार्न उहाँको कुर्कुच्चामा डस्ने थियो । मानवजातिको छुट्काराको मूल्य स्वरूप आफ्नो जीवन दिंदा मरियमको छोरा ईशा मसीहमा पनि त्यही घटना घट्यो ।

अहमदले भने, "अचम्म, खुदाले दुनियाँको सुरुका मानिसहरूसँग समेत मसीहको बारेमा बोल्न सुरु गर्नु भएको रहेछ । यसले देखाउँछ कि किताब ए मुक्कदसको मुख्य विषयवस्तु मसीह हुनुहुन्छ । अर्को भेटघाट गर्नु अघि विचार गर्नको लागि तपाईंले थुप्रै कुराहरू बताउनुभयो, हम्दी ।"

"अस्सलामु अलैकुम ।"

"वालेकुम सलाम) ।"

# इब्राहिम्का पुत्र

हम्दीले भने, “म धेरै उत्सुक छु, “म जान्न चाहन्छु इंजील ए मुक्कदस (खुशखबरी) को बारेमा तपाईंले के विचार गर्नु हुन्छ ।”

अहमदले इमान्दारी पूर्वक जवाफ दिए, “यो साँच्चै एउटा गजबको किताब हो, मैले यसभन्दा अघि यस्तो कहिल्यै पढेको थिइनँ । मसीहका अचम्मका आश्चर्यकर्म (मोजेजा) को बारेमा बिस्तृत रूपमा पढ्न पाउनु चाखलाग्दो कुरा हो । अनि उहाँको डाँडाको उपदेशको शिक्षा अद्भूत छ । उहाँले भनेको कुरामा स्पष्टता र गहनता छ । आफ्ना शत्रुलाई प्रेम गर्नू र आफूलाई सताउनेहरूका निम्ति दुआ गर्नू भनी जब उहाँ बताउनुहुन्छ उहाँले धेरै विचारधाराहरूलाई उलटपलट पार्नुहुन्छ । दुआको बारेमा रहेको उहाँको शिक्षा अहिलेसम्म मैले सुनेको भन्दा निकै भिन्न छ । मैले भन्नै पर्छ कि यो किताबले ममा गहिरो छाप पारेको छ, तर यसै बीचमा मैले थुप्रै नयाँ प्रश्नहरू भेटाएको छु जसको जवाफ मलाई चाहिएको छ ।”

हम्दीले मुस्कुराउँदै भने, “चाखलाग्दो हुनेछ भन्ने लाग्दैछ, तपाईंको पहिलो प्रश्नबाट सुरु गरौं ।”

अहमदले भने, “ठीक छ, किन खुशखबरी किताब इब्राहिम् देखि दाऊद हुँदै मसीहसम्मको वंशावलीबाट सुरु भएको ?”

केही समय विचार गरेर हम्दीले सोधे, “यसभन्दा अघि हामीले किताब ए मुक्कदस एउटा ढिक्कामा रहेको छ र पूरै किताब एउटा विषयवस्तुको वरपर रहेको छ भनी कुराकानी गरेका थियौं भन्ने के तपाईंलाई याद छ ?”

अहमदले जवाफ दिए, “हो, मलाई याद छ ।”

"त्यो विषयवस्तु के हो भन्ने के तपाईंलाई याद छ ?"

अहमदले जवाफ दिए, "अल-मसीह" ।

अहमदले भने, "तपाईंको प्रश्नको जवाफ त्यो विषयवस्तुसँग सम्बन्धित छ । नवीहरूका अनुसार मसीह दाऊदका पुत्र र इब्राहिम्का पुत्र हुनुपर्ने थियो ।"

हम्दीले भनेको कुरा अहमदले विचार गरे र भने, "तपाईंले भनेको कुरा चाखलाग्दो छ, तर विभिन्न भविष्यवाणीहरूको बारेमा के तपाईंले अलिकति व्याख्या गर्न सक्नुहुन्छ ?"

केही समयको मौनता पछि हम्दीले भन्न लागे, "करीब चार हजार बर्ष अघि, एक दिन खुदावंदले इब्राहिम्सँग बोल्नुभयो, जो खुदाको मित्र (खलिल अल्लाह) को रूपमा चिनिन्थे । जब इब्राहिम्लाई अब्राम भनिन्थ्यो, खुदाले उनलाई एउटा वादा गर्नु भयो जुन सम्पूर्ण मानवजातिको लागि ठूलो महत्त्वको कुरा हुने थियो । तौरेत (पाँच किताब) मा हामी पढ्छौं:

'खुदाले इब्राहिम्लाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा । म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई बरकत (आशिष्) दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ बरकतको मूल हुनेछस् । तँलाई बरकत दिनेहरूलाई म बरकत दिनेछु, र तँलाई लानत (सराप) दिनेहरूलाई लानत दिनेछु । तँद्वारा नै दुनियाका सबै कौम (कुल) ले बरकत पाउनेछन् ।"' (१)

"खुदाले एउटा त्यस्तो मानिसलाई बोलाउनुभयो जो बर्षौं देखि विवाहित भएता पनि सन्तान बिहीन थिए । खुदाले उनलाई एउटा भूमि दिने वादा (प्रतिज्ञा) गर्नुभयो । खुदाले उनलाई एउटा ठूलो जाति बनाउँदै हुनुहुन्थ्यो । उनको नाउँ महान् र परिचित हुने थियो । यी सबै कुरा खुदाले विस्तृत रूपमा पूरा गर्नुभयो । तर यी सबै प्रतिज्ञाहरूको माझमा सबैभन्दा उल्लेखनीय कुराचाहिँ खुदावंद खुदाले दुनियाँका सबै मानिसहरूलाई इब्राहिम्द्वारा बरकत दिनुहुने थियो । यो प्रतिज्ञामा मसीहको बारेमा गरिएको प्रतिज्ञा रहेको थियो । यसैले

मसीह इब्राहिम्को पुत्र हुनुपर्ने थियो र उहाँद्वारा नै खुदाले सारा दुनियाँलाई बरकत दिनुहुने थियो ।"

अहमदले जान्न चाहे, "तर यो प्रतिज्ञा अरू कसैको बारेमा नभएर मसीहको बारेमा नै हो भनी तपाईंले कसरी थाहा पाउनुहुन्छ ?"

हम्दीले जवाफ दिए, "तौरेतमा पढ्दै जाँदा यो कुरा विस्तारै प्रष्ट हुँदै जान्छ । केही समयमा इब्राहिम्को दुइ वटा छोरा भए, एउटा उनकी पत्नी साराबाट जन्मेका इसहाक र अर्को साराकी दासी हागार (हाज्रा) बाट जन्मेका इश्माएल (इश्माइल) । खुदाले इश्माएललाई बरकत दिनुभयो तापनि इब्राहिम्लाई इसहाकको जन्म हुनुभन्दा अघि नै मसीहको आगमन इसहाकद्वारा भएर हुनेछ भनी प्रतिज्ञा गर्नुभयो, उहाँले भन्नुभयो:

"... हो, तर तेरी पत्नी साराले नै तेरो लागि एउटा छोरा जन्माउनेछे, र तैंले त्यसको नाउँ इसहाक राख्नेछस् । म त्यससित र त्यसपछि हुने त्यसका सन्तानसित आफ्नो करार स्थापित गर्नेछु । अनि इश्माएलको विषयमा चाहि मैले तेरो बिन्ती सुनें । हेर्, म त्यसलाई बरकत दिनेछु, र म त्यसलाई फल्दो-फुल्दो तुल्याएर प्रशस्त गरी त्यसको वृद्धि गर्नेछु । बाह्र शासकको त्यो पिता हुनेछ, र म त्यसबाट एउटा ठूलो जाति उत्पन्न गराउनेछु । तर मेरो अहद्नाम त म इसहाकसँगै स्थापित गर्नेछु, जसलाई साराले आउँदो साल यही समयमा तँबाट जन्माउनेछे ।" (२)

अहमदले भने, "हो, खुदाले बरकत दिनुभएका इश्माएल हामी अरबीहरूका पिता बने, तर हामी मुसलमानहरूलाई थाहा छ कि खुदाले इसहाकका सन्तानहरूबाट उहाँका धेरै रसुलहरू (प्रेरितहरू) र नवीहरू (अगमवक्ताहरू) पठाउनुभयो ।"

हम्दीले थप भने, "इसहाकको एसाव र याकूब नामका दुई जना छोराहरू थिए । याकूबकहाँ सपनामा देखा पर्दा प्रतिज्ञा गरिएका मसीह याकूबबाट आउनुहुनेछ" भनी खुदाले देखाउनुभयो अनि उहाँले भन्नुभयो, 'खुदावंद खुदा

त्यसमाथि उभिनुभयो, र याकूबलाई भन्नुभयो, "म खुदावंद खुदा, तेरा पिता अब्राहामका खुदा र इसहाकका खुदा हुँ । जुन भूमिमा तँ ढल्किरहेको छस् त्यो म तँलाई र तेरा सन्तानहरूलाई दिनेछु । तेरा सन्तान पृथ्वी (जमीन) को धूलोसरह हुनेछन् । पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तँ जानेछस् । तँ र तेरा सन्तानहरूद्वारा नै पृथ्वी (जमीन) का सबै मानिसहरू आशीर्वादी हुनेछन् ।"' (३)

अहमदले भने, "खुदाले याकूबसँग बोल्नुभएको कुरामा उल्लेखनिय कुरा के छ भने उहाँले इब्राहिम्लाई दिनुभएको प्रतिज्ञाका धेरैजसो भागहरू दोहोरिएका छन् ।" हम्दीले भने, "यसो हुनुको कारणचाहिँ त्यही प्रतिज्ञा एउटा पुस्तादेखि अर्को पुस्तामा सारिएको छ, तर अहमद, तपाईं देख्न सक्नुहुन्छ कि याकूबका पुत्रद्वारा खुदाले सारा पृथ्वी (दुनियाँ) को मानिसहरूलाई बरकत दिनुहुने थियो ।"

अहमदले मुस्कुराउँदै भने, "हो, किताब ए मुक्कदसको मुख्य विषयवस्तु मसीह नै हुनुहुन्छ भन्ने कुरा हो कि भन्ने लाग्न थाल्यो ।"

हम्दीले भने, "एकदम सही, इस्राएलका सन्तानहरूका (बानी इसराइलका) धेरै परिवारहरू थिए । तर प्रश्नचाहिँ कुन परिवारबाट मसीह आउनु हुनेवाला थियो भनी खुदाले प्रकट गर्नुहुन्छ कि हुन्न भन्ने थियो । खुदाले दाऊद (सायद्ना दाऊद) लाई छान्नुभयो र उनीसँग करार (अहद्नाम) बाँध्नुभयो । धेरै प्रतिज्ञाहरूमा मसीह नवी दाऊदको परिवार (खानदान) बाट आउनुहुनेछ भनी खुदाले देखाउनुभयो । नवी दाऊद भन्दा दुई सय बर्ष पछिका नवी यशैयाले यिशैको परिवारचाहिँ रुखको ठूटो जस्तै हो भनी बताए । दाऊदका पिताको नाम यिशै थियो । त्यही परिवारबाट आएको एक जनामा खुदावंद खुदाका आत्मा (रुह) बस्नुहुने थियो । उहाँले दुनियाँका गरीबहरूलाई न्याय दिलाउनुहुने थियो । उहाँले जन्नतजस्तो राज्य बनाउनु हुने थियो र त्यो राज्यमा रहेका सबैले खुदावंद खुदालाई चिन्ने थिए । यशैया लेख्छन्:

'यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ । खुदावंद खुदाका आत्मा (रुह) उहाँमा रहनुहुनेछ - बुद्धि र समझका आत्मा (रुह), सल्लाह र शक्तिका आत्मा (रुह), ज्ञान र खुदावंद खुदाको भयको आत्मा (रुह); तर खाँचोमा परेकाहरूको न्याय उहाँले धार्मिकतासित गर्नुहुनेछ, र पृथ्वीका (दुनियाँका) गरीबहरूका लागि उहाँले न्यायसित फैसला गरिदिनुहुनेछ । आफ्नो मुखको लाठोले उहाले पृथ्वीलाई हिर्काउनुहुनेछ, र आफ्नो ओठको सासले दुष्टलाई नाश गर्नुहुनेछ । त्यस दिन मानिसहरूका निम्ति यिशैको वंशबाट एउटा झन्डाजस्तै खडा हुनेछ । जाति जातिहरू उहाँकहाँ भेला हुनेछन्, र उहाँको विश्रामको स्थान महिमा (जलाल) मय हुनेछ ... ।'" (४)

अहमदले भने, "मैले यसो भन्न मिल्ला कि, मसीह इब्राहिम्, इसहाक, याकूब र दाऊदको पुत्र हुनुहुनेछ भनी खुदाले प्रकट गर्नुभयो ।"

"निश्चय नै !" मुस्कुराउँदै हम्दीले जवाफ दिए, "अनि जब हामी खुशखबरीका किताबहरू पढ्छौं तब भविष्यवाणी अनुरूप नै मसीह जन्मनुभयो भनी थाहा पाउछौं । यसैले खुशखबरीको किताब वंशावलीबाट सुरु भएको छ । यसले प्रमाणित गर्छ कि मसीह निश्चय नै इब्राहिम् र दाऊदका पुत्र हुनुहुन्छ ।

अहमदले भने, "एकपटक फेरि किताब ए मुक्कदसको मुख्य विषयवस्तु मरियमका छोरा ईशा हुनुहुन्छ भनी प्रमाणित भएको छ । तर हम्दी, तपाईंलाई यो जानकारी होला कि मसँग अझै केही कठीन प्रश्नहरू छन् । तर अर्को पटकको निम्ति म साँचिराख्छु ।"

"अस्सलामु अलैकुम ।"
"वालेकुम सलाम ।"

# खुदा एक हुनुहुन्छ

तीनवटा औंलाहरू माथि उठाएर देखाउँदै अहमदले सोधे “तपाईं के देख्दै हुनुहुन्छ ?”

अहमदले के विचार गर्दैछन् भन्ने थाहा पाएर मुस्कुराउँदै हम्दीले भने, “म एउटा हातका तीनवटा औंलाहरू देख्दैछु ।”

अहमदले भन्न लागे, “हम्दी, खुदा एक हुनुहुन्छ कि तीन हुनुहुन्छ भनी तपाईं विश्वास गर्नुहुन्छ ?”

हम्दीले भने, “मैले जसरी विश्वास गर्छु त्यसरी तपाईंले पूर्ण रूपमा नबुझ्नुहोला, तर मैले एक सत्य खुदा, जसले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो, जसले सबै थोक गर्न सक्नुहुन्छ, जसलाई सबै कुरा थाहा छ र जो जताजतै हुनुहुन्छ, उहाँलाई नै विश्वास गर्छु भनी तपाईंले बुझ्नुपर्छ । तपाईंलाई थाहा छ कि मेरो विश्वास (इमान) किताब ए मुक्कदसमा आधारित छ र खुदाको वचन (कलाम) ले सिकाउँछ कि खुदा एक हुनुहुन्छ । यो सत्यता किताब ए मुक्कदस भरि थुप्रै ठाउँहरूमा लेखिएको छ ।

“तर एउटै समयमा खुदा एक र तीन हुन सक्नुहुन्न,” अहमदले भने । उनले फेरि तीनवटा औंलाहरू देखाउँदै भने, “एक र एक र एक बराबर तीन हुन्छ, एक हुँदैन ।”

हम्दीले सोधे, “अहमद तपाईं कतिजना हुनुहुन्छ ? तपाईं एक हो कि दुई हो ?” अहमदले जवाफ दिए, “पक्कै पनि एक हुँ ।”

हम्दीले भने “खुदाले तपाईंलाई एउटा शरीर र एउटा आत्मा (रुह) सृष्टि गर्नुभयो ।” “तपाईंको शरीर पनि त्यस्तै हो अहमद ?” हम्दीले सोधे ।

"हो ।"

"तर तपाईंको आत्मा (रुह) नी ?" हम्दीले सोधे । "के त्यो अहमद हो ?" हम्दीले के भन्न लागे भनी महसुस गर्दै अहमदले भने, "हो ।"

हम्दीले भन्न लागे, "खुदाले हामीलाई एकमा दुइ सृजनुभयो भने खुदा एकमा तीन हुन किन असम्भव ?" केही क्षण रोकिएर हम्दीले भने, "खुदामा मिश्रित एकता छ जसले आफैलाई तीन व्यक्तिमा प्रकट गर्नुहुन्छ । समग्रमा एक गुणा एक गुणा एक कति हुन्छ अहमद ?"

अहमदले विस्तारै भने, "एक, तर मरियमका छोरा ईशा मानिस मात्रै हुनुहुन्छ र खुदाका छोरा होइन ।" अहमदले हम्दीलाई एकटक लाएर हेरे । "हम्दी, के तपाईं मसीह खुदाका पुत्र हुनुहुन्छ भनी विश्वास (इमान) गर्नुहुन्छ ?"

हम्दीले सोधे, "तपाईंलाई मैले के विश्वास गर्छु जस्तो लाग्छ ?"

अहमदले भने, "म खासमा पक्का छैन तर मलाई लाग्छ तपाईंले यो विश्वास गर्नुहुन्छ कि खुदाले कन्या (कुवारी) मरियमसँग शारीरिक सम्बन्ध राख्नुभयो र उहाँहरू दुवैको एक छोरा भयो ।"

हम्दीले ठूलो स्वरमा भने, "अस्तागफर अल्लाह ! (म खुदासँग क्षमा माग्छु), मैले त्यस्तो विश्वास गर्दिनँ, अनि मसीहलाई विश्वास गर्नेहरूले त्यस्तो विश्वास गरेको मलाई थाहा छैन ।"

अहमद अचम्मित हुँदै सोधे, "त्यसोभए तपाईं के विश्वास गर्नुहुन्छ ?"

हम्दीले भन्न लागे, "म विश्वास गर्छु खुदा अनन्त हुनुहुन्छ, जो सृष्टि हुनुभन्दा अघिदेखि अनन्तमा अस्तित्वमा हुनुहुन्थ्यो । मसीह को हुनुहुन्छ भनी खुशखबरीको किताबले वर्णन गर्न लाग्दा, संसारमा उहाँको जन्मबाट सुरु भएको छैन तर यो खुदाले संसारको सृष्टि गर्नुभन्दा अघि अनन्तबाट सुरु भएको छ । खुशखबरीको किताबमा यस्तो लेखिएको छः

'आदिमा (शुरुमा) वचन (कलाम) हुनुहुन्थ्यो, वचन (कलाम) खुदासँग हुनुहुन्थ्यो,

अनि वचन (कलाम) खुदा हुनुहुन्थ्यो । उहाँ आदिमा खुदासँग हुनुहुन्थ्यो । सबै थोक उहाँ (कलाम) द्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँ (कलाम) बिना बनिएन । उहाँ (कलाम) मा जीवन थियो ... ।' (१)

"खुदाले संसारलाई आफ्नो वचन (कलाम) द्वारा सृष्टि (पैदा) गर्नुभयो, होइन त ?"

अहमदले जवाफ दिए, "हो, यो सही हो, खुदाले भन्नुभयो '"यस्तो होस् !" र त्यस्तै भयो !' (कुन फा याकुन) ।"

हम्दीले भने, "यसैले खुदाले दुनियाँलाई आफ्नो कलामद्वारा सृष्टि गर्नुभयो । अनि यो कलाम जुन खुदाबाट आयो, उहाँ खुदाको एउटा भाग हुनुहुन्थ्यो अनि खुदाको पैदा गर्ने शक्तिले र उहाँका सबै गुणहरूले भरिएको हुनुहुन्थ्यो । खुदाको कलाममा जीवन थियो, अनि जहाँजहाँ कलाम उपस्थित हुनुभयो, बेग्लाबेग्लै स्वरूपमा जीवन सृष्टि भयो ।"

"हो, म त्यो कुरामा सहमत छु तर 'अनि कलाम नै खुदा हुनुहुन्थ्यो' भन्ने वाक्याशंको खास अभिव्यक्ति र अर्थ के हो ?" अहमदले सोधे ।

हम्दीले भने, "यदि मैले अदालतमा गवाही दिने भएँ भने, तपाईंले मलाई मेरा बोलीहरूबाट अलग पारेर हेर्न सक्नुहुन्न । मेरा बोलीहरूले मलाई प्रतिनिधित्व गर्छन् र त्यो मेरो एउटा भाग बन्छ ।

जब हामी यहाँ बसेर कुराकानी गर्छौं, हाम्रा बोलीहरू हाम्रो हिस्सा हुन्, यसरी हामी हाम्रा वचनहरू (बोलीहरू) द्वारा चिनिन्छौं । जब खुदाले सारा विश्वको सृष्टि गर्नुभयो, उहाँले बोलेको कलाम उहाँसँग थियो । हामीले खुदालाई उहाँको वचनबाट अलग गर्न सक्दैनौं । खुदाको यही अनन्त कलाम, जो उहाँसँग हुनुहुन्छ र उहाँका सबै गुणहरू धारण गर्नुहुन्छ, जुन मरियमका छोरा ईशामा प्रकट हुनुभयो, जसको बारेमा यसरी लेखिएको छ:

'अनि वचन (कलाम) देहधारी (मुजस्सम्) हुनुभयो, र अनुग्रह (फजल) र

सत्यता (हक) ले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा (जलाल) देख्यौं, जुन महिमा (जलाल) पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो ।' (२)

"खुदाले आफ्नो बारेमा भन्नुभएका सबै कुरा, सबै गुणहरू मसीहमा प्रकट भयो । खुदा पाक (पवित्र) हुनुहुन्छ । जब मानिसहरूले मसीह कति पवित्र हुनुहुन्थ्यो भन्ने देखे, तब तिनीहरूले उहाँमा (मसिहमा) खुदाको पवित्रता देखे । खुदा प्रेम हुनुहुन्छ । जब तिनीहरूले मसीहले मानिसहरूलाई कति प्रेम गर्नुहुन्छ भनी देखे तिनीहरूले उहाँमा खुदाको प्रेम देखे । खुदाले सबै कुरा गर्न सक्नुहुन्छ । खुदा सर्वशक्तिमान हुनुहुन्छ । जब मानिसहरूले मसीहलाई पानीमा हिँडेको, हावा र छाललाई शान्त पारेको, अन्धालाई निको (शिफा) पारेको र मृतकलाई जीवित पारेको देखे तब तिनीहरूले खुदाको शक्ति र महिमा (जलाल) उहाँमा प्रकट भएको देखे ।"

अहमदले जान्न चाहे, "तर सर्वव्यापी खुदा कसरी एउटा मानवको रूपमा सीमित हुन सक्नुहुन्छ ?, के खुदाले आफू मसीह हुँदा सारा विश्वलाई बिर्सनुभयो ?"

हम्दीले भने, "अहमद, मानिलिउँ हामी अथाह समुद्रमा थियौं र पानी भर्नको लागि एउटा गिलासमा पानी उघायौं । यदि हामीले उघाएको पानीको विश्लेषण गर्‍यौं भने त्यो समुद्रमा रहेको पानी जस्तै हुन्छ । मसीहको सवालमा पनि यस्तै हुन्छ । अनन्त, सर्वशक्तिमान खुदा सबै ठाउँमा हुनुहुन्छ । त्यसै समयमा उहाँले आफैलाई उही गुण र शक्ति मसीहमा प्रकट गर्नुहुन्छ । तर आफैलाई मसीहमा प्रकट गरेको कारण खुदा सीमित हुनुहुन्न । उहाँ अझै पनि अनन्त हुनुहुन्छ ।"

अहमदले भने, "तर खुदा आफै एउटा व्यक्तिमा प्रकट हुन सक्नुहुन्न ।"

हम्दीले सोधे, "हामी कसरी खुदालाई सीमित पार्न सक्छौं ? सर्वशक्तिमानले सक्नुहुन्न भनी हामी कसरी भन्न सक्छौं ? के उहाँले सबैथोक गर्न सक्नुहुन्न र ?

"हो, उहाँले सबैथोक गर्न सक्नुहुन्छ," अहमदले जवाफ दिए, "तर खुदाले आफैलाई मानवीय रूपमा प्रकट गर्नुभएको कुरा म विश्वास गर्न सक्दिनँ ।"

हम्दीले भने, "हामी यो कुरामा सहमत हुनु असल छ कि यो कुरा हाम्रो निम्ति एक समस्या हुन सक्छ तर खुदाको निम्ति होइन, जसले जे चाहनुहुन्छ त्यो गर्न सक्नुहुन्छ । यदि तपाईंलाई यो घटना पहिल्यै थाहा नभएको अवस्थामा कसैले आएर खुदाले आफूलाई एउटा जलिरहेको पोथ्रामा प्रकट गर्नुभयो र उक्त पोथ्राबाट मूसासँग कुराकानी गर्नुभयो भन्दा तपाईं के भन्नुहुन्थ्यो ?"

अहमद केहीबेर विचार गरे र जलिरहेको पोथ्रामा प्रकट हुनुभन्दा मानवीय रूपमा प्रकट हुन उहाँलाई कठीन छैन भन्ने महसुस गर्दै अहमद आफैप्रति मुस्कुराए ।

हम्दीले भन्दै गए, "अहमद, एकछिन विचार गर्नुहोस्, 'खुदाको कलाम (वचन)' र 'खुदाको रुह (आत्मा)' (कालिमात अल्लाह वा रुह अल्लाह) भनिएको व्यक्ति वास्तवमा को हुनुहुन्छ ?

खुदाको आत्मा (रुह) पनि खुदासँग एक हुनुहुन्छ । हामीलाई थाहा छ खुदाका आत्मा (रुह) ले कन्या मरियमलाई छायाँ पार्नुभयो र उनी गर्भवती भइन् र मसीहलाई जन्माइन्, जसरी गाब्रिएल (जिब्राईल) स्वर्गदूत (फरिस्ता) ले उनलाई भनेका थिए:

'पवित्र आत्मा (पाक रुह) तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छायाँ तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् खुदाका पुत्र कहलाइनुहुनेछ ।' (३)

"प्रश्नचाहिँ यसरी यस संसारमा आउनुभएको को हुनुहुन्छ भन्ने हो । अहमद, यदि तपाईं मसीहको समयमा डाक्टर हुनुहुन्थ्यो र उहाँको बर्थ सर्टिफिकेट (जन्मको प्रमाणपत्र) लेख्ने जिम्मेवारी तपाईंको भइदिएको भए तपाईं के लेख्नुहुन्थ्यो ? उहाँको नाम के हुने थियो ?"

अहमदले भने, “मलाई लाग्छ मैले ‘मरियमका पुत्र ईशा लेख्थें होला ।”

“अनि आमाको नाम ?”

“अँ, त्योचाहिँ ‘कन्या मरियम’ हुन्थ्यो होला ।” अहमदले भने ।

हम्दीले मुस्कुराउँदै भने, “त्यसपछि बुबाको नामको चर्चा गरौं ।”

अहमदले अझ ठूलो मुस्कानका साथ भने, “उहाँको बुबा हुनुहुन्नथ्यो ।”

हम्दीले भने, “उहाँको यस पृथ्वीको बुबा नभएको कारण पक्कै पनि त्यो ठाउँ खालि छोड्न सक्छौं, ... वा आफैलाई सोध्न सक्छौं, ‘उहाँ कहाँबाट आउनुभयो ? “खुदाको कलाम (वचन)” र “खुदाको रुह (आत्मा)” भन्ने कुराको सुरुवात के होला ? स्वर्ग (जन्नत) बाट तल ओर्लिआउनु भएको उहाँको पहिचान के होला ?’ उहाँ आफैले भन्नुभयो:

‘किनभने खुदाको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ । ......जीवनको रोटी म हुँ । मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन ।’ (४)

‘स्वर्ग (जन्नत) बाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ । र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह (जिसम्) हो ।’ (५)

“अहमद, उहाँ सबै मानवजातिको निम्ति आफ्नो शरीर बलिको रूपमा दिनको लागि आउनुभयो । जसले सामान्य रोटी लिन्छ उसले शारीरिक जीवन प्राप्त गर्छ, तर जसले स्वर्ग (जन्नत) बाट ओर्लिआएको खुदाको रोटी लिन्छ उसले आत्मिक जीवन (रुहानी जिन्दगी), अनन्त जीवन (अवदी जिन्दगी) प्राप्त गर्छ । जसले ईशा मसीहलाई विश्वास गर्छ अनि उहाँलाई लिन्छ उसले एउटा जीवन पाउँछ, जसले मानिसको भित्री भोक र खुदाप्रतिको तिर्खालाई सन्तुष्ट बनाउँछ । म आफैले अनुभव गरेको पनि यही हो । अहमद, मसीह खुदाबाट तपाईंको लागि दिइएको एउटा उपहार हुनुहुन्छ ।”

अहमदले विस्तारै भने, “म त्यसको लागि अझै तयार भएको छैन । मेरो दिमागमा थुप्रै विचारहरू घुमिरहेका छन् । मलाई अहिले महसुस भएको छ कि तपाईंले खुदालाई जसरी विश्वास गर्नुभएको छ त्यसलाई मैले पूरै गलत बुझेको रहेछु । म विस्तारै यो कुरा बुझ्न लागेको छु कि तपाईंले कसरी एक मात्र सत्य खुदालाई विश्वास गर्नुभएको छ र उहाँले कसरी आफैलाई मसीहमा प्रकट गर्नुभयो । तपाईंलाई थाहा छ कि मैले मेरो हृदयदेखि मसीहलाई प्रेम गर्छु तर अझै पनि थुप्रै प्रश्नहरू छन् जसको जवाफ चाहिएको छ । तर त्यसलाई हामी अर्को पटक चर्चा गरौंला, हुन्छ हम्दी ?”

“म यसको प्रतीक्षा गर्छु,” हम्दीले भने ।

“अस्सलामु अलैकुम ।”

“वालेकुम सलाम ।”

# खुदा र मानिस

अहमदले भने, “हाम्रो पछिल्लो छलफलको बारेमा मैले लगभग रातदिन विचार गरें । पहिला तपाईंले भन्नुभयो कि मरियमका पुत्र ईशा मानिस हुनुहुन्छ । त्यसपछि तपाईंले भन्नुभयो कि खुदाले आफैलाई उहाँमा प्रकट गर्नुभयो । उहाँ वास्तवमा को हुनुहुन्छ भनी म जान्न चाहन्छु । के यो सत्य होइन, मसीहलाई तपाईंले खुदाको पुत्र बनाउनुभयो जब कि उहाँ मरियमका पुत्र मात्र हुनुहुन्छ ?”

हम्दीले भन्न लागे, “अहमद, त्यो प्रश्नको जवाफ खुदासँगको अनन्त जीवनको लागि मुख्य छ, अहिले र अनन्त जीवन दुवैको लागि । यदि हामीले एउटा मानिसलाई खुदा बनायौं (कसैलाई खुदावंदकै हैसियतमा राख्नु) भने यो ‘महाभूल’ हुनेछ । तर किताब ए मुक्कदसले हामीलाई सिकाउँछ कि खुदाले आफैलाई एक जना मानिसमा प्रकट गर्नुभयो अरू कुनै तरिकाबाट होइन । हामी दुवै यो कुरामा सहमत हुन्छौं कि मसीह एक मानिसको रूपमा जन्मनु भयो । नवीहरूका अनुसार उहाँ इब्राहिम्का पुत्र, दाऊदका पुत्र र मरियमका पुत्र हुनुहुन्छ । तर मसीहको जन्म हुनु धेरै अघिका भविष्यवाणीहरूमा खुदाले सिकाउनुभयो कि उहाँ हामीकहाँ मसीहको रूपमा आउनुहुनेछ ।”

अहमदले अचम्मित हुँदै सोधे, “मसीह आउनुभन्दा अघिका रसुल (प्रेरित) हरू तथा वक्ताहरूले खुदा आफै उहाँमा प्रकट हुने कुरा बोलेका थिए भनी तपाईंले भन्न खोज्नु भएको हो ?”

हम्दीले भने, “किताब ए मुक्कदसको मुख्य विषयवस्तु नै मसीह भएकोले, खुदावंदले नवीहरूद्वारा मसीहको बारेमा पहिले नै सत्यता प्रकट गरिसक्नुभएको कुरामा हामी अचम्मित हुँदैनौं ।”

अहमदले अनुरोध गरे, "मलाई देखाउनुहोस्, म एकदमै इच्छुक छु ।"

केही भन्नुअघि हम्दीले विचार गरे अनि भने, "करीब ७०० इसा पूर्वमा (ईशा मसीह जन्मनु भन्दाअघि) खुदाले नवी मीकालाई मसीह बेथलेहेम सहरमा जन्मनुहुनेछ भनी प्रकट गर्नुभयो, उहाँले जन्मनु हुने चाहिँ धेरै अघिदेखि हुनुहुन्छ भनी खुलासा गर्नुभयो:

'तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि नै छ ।' (१)

"मसीह वास्तवमै बेथलेहेम सहरमा जन्मनुभयो, जो इन्जिल (सुसमाचारको पुस्तक) मा लेखिएको छ:

'युसुफ पनि गालीलको नासरतबाट यहूदियाको बेथलेहेम भन्ने दाऊदको सहरमा गए, किनभने तिनी दाऊदका कुटुम्ब र वंशका थिए । नाउँ दर्ता गराउन तिनी आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर गए । मरियम गर्भवती थिइन् । तिनीहरू त्यहाँ भएकै बेला मरियमको बालक जन्माउने बेला आयो । तिनले आफ्नो जेठो छोरा जन्माइन् र उहाँलाई लुगाले बेह्रेर डूँडमा राखिन्, किनकि तिनीहरूका निम्ति पौवामा ठाउँ थिएन ।' (२)

प्रश्नचाहिँ संसारमा जन्मनुभन्दा अघिदेखि अस्तित्वमा हुनुहुने को हुनुहुन्छ भन्ने हो । यरुशलेम (अल-कद्स) मा रहेका केही अलि असन्तुष्ट यहूदीहरूसँगको कुराकानीको क्रममा उहाँले के भन्नुभयो, हामी हेर्न सक्छौं:

"तिमीहरूका पुर्खा इब्राहिम्ले मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए ।" यसकारण यहूदीहरूले उहाँलाई भने, "तिमी अझै पचास वर्ष पुगेका छैनौ, त के तिमीले इब्राहिम्लाई देखेका छौ ?" ईशा मसीहले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, इब्राहिम् हुनुभन्दा अघिबाटै म छँदैछु ।" (३)

"हामीलाई थाहा छ इब्राहिम् करीब २००० इसापूर्वमा (इशा मसीह जन्मनु भन्दाअघि) जिउँथे ।"

अहमदले भने, "त्यसो भए मसीहले आफू जन्मनुभन्दा अघिदेखि नै आफू अस्तित्वमा रहेको दावी गर्नुभयो । तर नवीहरूमा कहाँ खुदाले आफैलाई मसीहमा प्रकट गर्नुहुनेछ भनी बताइएको छ ?"

हम्दीले भने, "त्यो थुप्रै ठाउँमा लेखिएको छ । नवी यशैयाले आउनेवाला मसीह एउटा सानो ठाउँबाट आउनुहुनेछ भनी बताउनु भयो, जहाँ मरियमका पुत्र ईशा हुर्कनु भएको थियो । उहाँले अनन्तको राज्य बनाउनु हुनेछ र त्यो खुदाको शान्तिद्वारा चिनिनेछ । उहाँ जो दाऊदका पुत्र हुनुहुन्छ, उहाँले नै यो राज्यमा सदासर्वदा राज्य गर्नुहुनेछ । नवीले मसीहलाई विभिन्न नामहरू दिएर उहाँका गुणहरू वर्णन गरेका छन्:

'किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ । हाम्रा निम्ति एउटा छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली खुदा, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ । उहाँको शासन र शान्तिको वृद्धिको अन्त कहिल्यै हुनेछैन । दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ । सर्वशक्तिमान् खुदावंद खुदाको जोशले यो पूरा गर्नेछ ।' (४)

"हामीलाई थाहा छ कुनै व्यक्तिको विशेषता झल्काउन खुदाले नामहरू दिनुहुन्छ । यसैले, अहमद, उहाँ को हुनुहुन्छ, जसलाई 'अचम्मका सल्लाहकार', 'शक्तिशाली खुदा', 'अनन्तका पिता' अनि 'शान्तिका राजकुमार' नाउँ दिइयो ?"

अहमदले भने, "मसीह जन्मनु भन्दा अघि नवीहरूले दिएको यो तस्वीरले मलाई पनि केही झल्को दिदैंछ तर के खुदा वास्तवमै आफैद्वारा सृष्टि (पैदा) भएको संसारमा आउनुहुने थियो र ?"

हम्दीले भने, "बप्तिस्मा दिने यूहन्ना (यह्या इब्न जकरिया) येशूकै समयमा

जिउँथे । मसीहको निम्ति मार्ग तयार गर्न उनी खुदाद्वारा पठाइएका थिए ताकि मानिसहरूले पश्चताप (तौवा) गरून् र उहाँको विश्वासमा आऊन् । जब यूहन्नालाई उनी को हुन् र खुदाले उनलाई किन पठाउनुभयो भनी प्रश्न सोधियो तब उनले यशैया अगमवक्ताको पुस्तकमा रहेको एउटा भनाई उल्लेख गरे, जहाँ लेखिएको छ:

'कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छ: "मरुभूमि (रेगिस्तान) मा खुदावंद खुदाको निम्ति बाटो तयार गर । उजाड-स्थान (रेगिस्तान) मा हाम्रा खुदाको निम्ति मूलबाटो समतल बनाऊ । हरेक उपत्यका अल्गो बनाइनेछ, हरेक पर्वत र डाँडा होच्याइनेछ । बाङ्गोटेढो जग्गा सीधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनाइनेछ । अनि खुदावंद खुदाको महिमा (जलाल) प्रकट गरिनेछ, र सारा मानव-जातिले त्यो एकैसाथ देख्नेछन् ।"' (५)

"यशैया नवीले एउटा महान राजा आउँदै गर्नुभएको तस्वीर प्रस्तुत गरेका छन् । मानिसहरूले उहाँको निम्ति मरुभूमि (रेगिस्तान) हुँदो सीधा मार्ग तयार गर्ने थिए । तर आउन लाग्नुभएका राजा को हुनुहुन्थ्यो, अहमद ?"

अहमदले विस्तारै भने, "नवीका अनुसार उहाँ खुदावंद हाम्रा खुदा हुनुहुन्छ ।"

हम्दीले भन्न लागे, "यो तस्वीर अझ प्रष्ट हुन्छ जब हामी त्यही अध्यायमा लेखिएको अर्को खण्ड पढ्छौं:

'सियोनलाई शुभ समाचार सुनाउने हो, तिमी अग्लो पर्वतमा जाऊ । यरुशलेमलाई शुभ समाचार सुनाउने हो, जोरसँग तिम्रो सोर उचाल, सोर उचाल, नडराऊ । यहूदाका नगरहरूलाई भन, "हेर, तिमीहरूका खुदा यहीं हुनुहुन्छ !" हेर, खुदावंद खुदा पराक्रमसाथ आउँदै हुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ । हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ । उहाँले आफ्नो बगाललाई गोठालाले झैं चराउनुहुन्छ । उहाले थुमा (भेडाका बच्चा) हरूलाई आफ्नै अंगालोमा लिनुहुन्छ, र तिनीहरूलाई आफ्नै हृदयको नजिक बोक्नुहुन्छ । उहाँले स-साना बच्चा भएकालाई चाहिँ

बिस्तार बिस्तार डोहोऱ्याउनुहुन्छ ।" (६)

"मसीह वास्तवमै सबै विश्वासीहरूको हेरचाह गर्न आउनुभयो । उहाँ आफैले भन्नुभयो, 'म असल गोठालो हुँ । असल गोठालाले आफ्ना भेडाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ ।" (७)

"तर अहमद, नवीका अनुसार गोठालो भएर आउन लाग्नुभएको को हुनुहुन्छ ?"

नवीका वचनहरूद्वारा झस्किएर अहमदले जवाफ दिए, "खुदावंद खुदा आफै भएको देखिन्छ भनी मैले स्वीकार गर्नैपर्छ ।"

हम्दीले भन्दै गए, "तपाईंले बुझेजस्तै मसीहको बारेमा गरिएका यी सबै भविष्यवाणीहरू मरियमका पुत्र ईशा मसीहमा पूरा भयो । मसीहको जन्म हुनभन्दा अघि जिब्रिएल स्वर्गदूत बप्तिस्मा दिने यूहन्ना (यहया) का हुन लागेका बुबा जकरियाकहाँ आए । स्वर्गदूतले जकरियालाई बताए कि उनले एउटा छोरो जन्माउनेछन् जसको विशेष काम हुनेछ । स्वर्गदूतले भने:

'... र आफ्नी आमाको गर्भदेखि नै तिनी पवित्र आत्मा (पाकरुह) ले भरिपूर्ण हुनेछन् । तिनले इस्राएलका सन्तानहरूमा धेरैलाई तिनीहरूका खुदावंद खुदातिर फर्काउनेछन् । बाबुहरूका मन छोरा-छोरीहरूतिर र अनाज्ञाकारीहरूलाई धर्मीहरूको बुद्धितिर फर्काउन र खुदावंदको निम्ति योग्य तुल्याइएको एक जाति तयार पार्न उहाँको अगि तिनी एलियाको आत्मा र शक्तिमा जानेछन् ।' (८)

"अहमद, यो इन्जिलका अनुसार बप्तिस्मा दिने यूहन्ना (यहया) कसको अगि जानेछन् ?"

"खुदावंद तिनीहरूका खुदा," अहमदले भने ।

हम्दीले भन्न लागे, "बप्तिस्मा दिने यूहन्ना (यहया) भर्खर मात्रै जन्मेका थिए तब जकरियाले आनो नवजात शिशुमाथि यस्तो वाणी बोले:

'हे बालक, तिमी सर्वोच्चका अगमवक्ता (नवी) कहलाइनेछौ, किनकि तिमी खुलावंदको अगिअगि उहाँको मार्ग तयार पार्न जानेछौ, उहाँको जातिलाई

गुनाह-माफीद्वारा मुक्ति (नजात्) को ज्ञान प्रदान गर्नलाई, हाम्रा खुदाको कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्नेछ ।' (९)

"अहमद के तपाईं देख्न सक्नुहुन्छ कि, यशैया नवीका वाणीहरू, जिब्रिएल स्वर्गदूत र उनको पिता जकरियाका वाणीहरू अनुसार यिनै यहया इब्न जकरिया खुदावंदको अगि जानुपर्ने थियो, र आउनुहुने वाला चाहिँ खुदा आफै हुनुहुन्थ्यो ?"

अहमदले गम्भीर हुँदै भने, "हो, म देख्न सक्छु अनि मसीह आइसकेपछि मात्र यी सबै कुरा पक्का भयो भन्ने मलाई लाग्छ ।"

हम्दीले भने, "हो, जब कन्या मरियमले दाऊदको सहर बेथलेहेममा मसीहलाई जन्म दिइन् तब बाहिर रहेका केही गोठालाहरूका माझमा खुदाको दूत देखा परे र भने:

'नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको खुशखबरी सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट (मसीह) प्रभु (रब) हुनुहुन्छ ।' (१०)

"मसीह खुदा आफै हुनुहुन्छ भन्ने कुरालाई उहाँले खुशखबरीका किताबमा घरिघरि पक्का गराउनु भएको छ । उहाँ आफैले भन्नुभयो:

'पिता र म एक हौं ।' (११)

अहमदले भने, "मरियमका छोरा ईशाप्रति ममा पहिले नै ठूलो प्रेम र सम्मान थियो तर अहिले पहिलो पटक, मसीह वास्तवमा को हुनुहुन्छ र यस संसारमा किन जन्मनुभयो भन्ने सम्बन्धमा पूरा तस्वीर देख्न लागेको छु । हम्दी, तपाईंले समय निकालेर मलाई बताइदिनु भएकोमा म साँच्चै आभारी छु ।"

हम्दीले गम्भीर हुँदै भने, "अहमद, मसीह माथिको विश्वासद्वारा, खुदाले सबै गुनाहको क्षमादान (माफी र अनन्त जीवन (अवदी जिन्दगी) दिनुहुन्छ ।)

मृत्यूलाई जितेर मरेकाबाट जीवित हुनुभएको मसीह भन्नुहुन्छः

'पुनरुत्थान (कियामत) र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ । अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन ।' (१२)

"अहमद, के तपाईं मसीह माथिको विश्वासद्वारा खुदाको यो उपहार प्राप्त गर्न चाहनुहुन्छ ?"

"हुन्छ, अहिले नै उहाँ मेरो ढोका ढक्ढकाउँदै उभिरहनु भएको जस्तै महसुस मैले गरिरहेको छु," आफ्नो आँखामा आँशु भर्दै अहमदले भने, "म कसरी खुदाको उपहार प्राप्त गर्न सक्छु ?"

हम्दीले भने, "यो कठीन छैन, आफ्नै भाषामा खुदासँग प्रार्थना (दुवा) गर्नुहोस् । सबै कुरा स्वीकार गर्नुहोस् । खुदालाई हाम्रो बारेमा सबै कुरा थाहा छ । मसीहले तपाईंको निम्ति गर्नुभएको बलिदान (कुर्बानी) द्वारा क्षमादान (माफी) ग्रहण गर्नुहोस् । प्रार्थना (दुवा) गर्नुहोस् कि आफ्नो आत्माद्वारा उहाँ तपाईंको जीवनमा आउनुभएको होस् र उहाँको चेला (शागिर्द) हुँदै मसीहलाई पछ्याउन उहाँले बल दिनुभएको होस् । मसीहको नाउँमा यस्तो प्रार्थना (दुवा) गर्नुहोस् । उहाँ आफ्नो कुर्बानीद्वारा खुदा र तपाईंको बीचमा एक मध्यस्थकर्ता बन्नुभएको छ । जब तपाईंले विश्वासद्वारा मसीहलाई यस किसिमले ग्रहण (कबुल) गर्नुहुन्छ, खुदाको एक उपहारको रूपमा तपाईंको जीवनमा आश्चर्यको काम हुनेछ । किताब ए मुक्कदसले बताउँछ कि तपाईं नयाँ जन्म पाउनुभएको व्यक्ति बन्नुहुन्छ । खुदाबाट तपाईंले एउटा नयाँ जीवन पाउनुहुन्छ । मसीहद्वारा तपाईं खुदासँगको एउटा व्यक्तिगत सम्बन्धमा प्रवेश गर्नुहुनेछ । यसरी खुदा तपाईंको पिता र तपाईं उहाँको सन्तान बन्नुहुनेछ, मसीहलाई ग्रहण गर्नेहरूको बारेमा जसरी किताब ए मुक्कदशमा लेखिएको छः

'तर जतिले उहाँलाई ग्रहण (कबुल) गरे र उहाँको नाउँमाथि विश्वास गरे (इमान ल्याए), उहाँले तिनीहरूलाई खुदाको सन्तान हुने अधिकार

(इख्तियार) दिनुभयो ।' (१३)

तब तिनीहरूले सँगसँगै दुवा गरे र खुदालाई धन्यवाद चढाए, हम्दीले खुल्ला मुस्कानका साथ भने, "परिवारमा स्वागत छ ! अब, मसीहद्वारा हामी खुदावंद खुदाको ठूलो परिवारमा दाजुभाइ भएका छौं ।"

अहमदले पूरा रमाहटका साथ भने, "म तपाईंलाई कसरी धन्यवाद दिन सक्छु ?"

हम्दीले जवाफ दिए, "खुदालाई दिनहुँ धन्यवाद दिनुहोस् । तपाईंले जस्तै मसीहलाई पछ्याउने अरू मानिसहरूको संगति (जमात) खोज्नुहोस् । अब तपाईंले इशा मसीहले आफ्ना चेलाहरूलाई सिकाउनुभएको प्रार्थना (दुवा) गर्न सक्नुहुन्छ:

'हे हाम्रा पिता, जो स्वर्ग (जन्नत) मा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र (पाक) होस् । तपाईंको राज्य (बादशाही) आओस् । तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वी (दुनियाँ) मा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा (गुनाह माफ्) गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं । हामीलाई परीक्षा (आज्मायिस्) मा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम (कुदरत) र महिमा (जलाल) सदासर्वदा तपाईंकै हुन्, आमीन ।'" (१४)

## छलफलका लागि प्रश्नहरू

मसीह भन्ने किताब थुप्रै भाषाहरूमा उपलब्ध छ । यसका थुप्रै अनुवादहरू ***www.lmabdallah.be*** मा पाइन्छ । यो सुसमाचारको निम्ति प्रयोग गर्न सकिन्छ तर यो मुसलमानहरूलाई कसरी सुसमाचार सुनाउने भन्ने सम्बन्धमा इसाईहरूको निम्ति यो एउटा नमूना बन्न सक्छ । विगत धेरै बर्षहरूदेखि, यो इसाई विश्वासको बारेमा सामूहिक छलफलहरू गर्दा प्रयोग गरिदै आएको छ र ती छलफलहरूद्वारा यी प्रश्नहरू आएका हुन् । मसीह भन्ने किताब मुसलमानहरूको विश्वव्यापी दृष्टिकोणलाई मध्यनजर गरी लेखिएको हो । किताब ए मुक्कदसको मुख्य सन्देशलाई नछोडिकन कसरी सुसमाचारलाई सान्दर्भिकरण गर्न सकिन्छ भन्ने यो एउटा उदाहरण हो ।

## खुदाको थुमा (बर्रा)

१. इब्राहिम् र इसहाकको कथाबाट बलिदानको अर्थ के हो भनी हामी कसरी बुझ्न सक्छौं ?

२. कसरी इसाई हम्दीले अहमदलाई ऊ पनि एक गुनहगार हो भनी स्वीकार गर्ने बनाए ?

३. मसीह खुदाका थुमा हुनुहुन्छ भन्ने बप्तिस्मा दिने यूहन्ना(यहया)को भनाईलाई ईशाले सबै मानिसहरूको निम्ति दिनुभएको बलिदानसँग कुनै व्यक्तिले कसरी सम्बन्धित गर्न सक्छ ?

४. कसरी महदी/हम्दीले अहमदलाई ईशा मसीहबाट उपहार ग्रहण गर्नु आवश्यक छ भनी वर्णन गरे ?

## खुदाको कलाम (वचन)

१. किताब ए मुक्कदसको सम्बन्धमा आम मुसलमानको धारणा के हो ?

२. किताब ए मुक्कदसको विरुद्धमा लगाइएको अभियोगलाई कसरी हम्दीले सामना गरे ?

३. किताब ए मुक्कदसको एकताको बारेमा कसरी हम्दीले व्याख्या गरे ?

## खुदावंदको कुर्बानी (बलिदान)

१. सबै नवीहरूले किन खुदालाई एउटा बलिदानद्वारा आराधना (इवादत्) गरे भनी हम्दीले कसरी वर्णन गरेका छन् ?
२. बलिदानद्वारा कसरी हम्दीले खुदाको आराधना (इवादत्) गर्छन् ?
३. धार्मिक बलिदान किन त्यति महत्त्वपूर्ण थियो ?
४. यशैया ५३ अध्यायमा रहेका खुदाको सेवक र ईशाले आफैलाई बलि हुँ भन्नु भएको कुरामा रहेको सम्बन्धलाई कसरी व्याख्या गरिन्छ ?

## गुनाह

१. आदम र हव्वाको कथाद्वारा कसरी गुनाहको सुरुवात र परिणाम आयो भनी व्याख्या गरिएको छ ?
२. मानवजाति गुनाहको कारण आत्मिक रूपमा मरेको छ भनी कसरी हम्दीले बताए ?
३. उद्धारकर्ता एक दिन जन्मनुहुनेछ भनी कसरी आदम र हव्वाले थाहा पाए ?

## इब्राहिम्का पुत्र

१. मसीह अब्राहामका पुत्र समेत हुनुहुन्छ भनी कसरी हम्दीले व्याख्या गरे ?
२. मसीह दाऊदका पुत्र समेत हुनुहन्छ भनी उनले कसरी व्याख्या गरे ?

## खुदा एक हुनुहुन्छ

१. त्रिएकताको बारेमा अहमदको बुझाइ के थियो ?
२. त्रिएकताको अवधारणाको अर्थ अहमदद्वारा र गुणनद्वारा कसरी हम्दीले वर्णन गरे ?
३. खुदाका पुत्रको बारेमा रहेको इसाई अवधारणालाई कसरी अहमदले बुझे ?

४. मसीह शरीरमा आउनुभएका अनन्त खुदाका कलाम हुनुहुन्छ भनी कसरी हम्दीले बताए ?
५. खुदावंद, ईशा व्यक्तिमा सीमित हुनुहुन्न भनी "समुद्र र गिलास" को उदाहरणद्वारा कसरी हम्दीले व्याख्या गरे ?
६. कसरी हम्दीले ईशाको मुस्लिम (नाम) हरूको प्रयोग गरे: "खुदाका कलाम" अनि "खुदाको रुह" ?

## खुदा र मानिस

१. यदि मसीह मानिस मात्रै हुनुभएको भए कसरी इसाईहरूले आफ्नो आराधना (इवादत) मा गुनाह गर्ने थिए ?
२. उहाँको ईश्वरत्वमा मसीह पहिले देखि नै हुनुहुन्थ्यो भनी कसरी हम्दीले देखाएका छन् ?
३. मसीहको ईश्वरत्वको बारेमा यशैया, जिब्रिएल स्वर्गदूत र जकरियाद्वारा पूर्व अनुमान गरिएको कुरालाई हम्दीले कसरी व्याख्या गरेका छन् ?
४. हम्दीका अनुसार ईशाले आफ्नो बारेमा के घोषणा गर्नुभयो ?
५. अहमदले पनि ईशालाई आफ्ना खुदा र मुक्तिदाता भनी ग्रहण गर्न सक्छन् भनी हम्दीले उनलाई कसरी बताए ?

# अनुसूची

किताब ए मुक्कदसबाट लिइएका खण्डहरू

## खुदाको थुमा (बर्रा)
१. रोमी ६:२३
२. यूहन्ना १:२९
३. प्रकाश ३:२०

## खुदावंदको कुर्बानी (बलिदान)
१. १ तिमोथी २:५-६
२. हिब्रू ९:२२
३. यशैया ५३:४-७
४. भजनसंग्रह २२:१४-१८
५. मर्कूस १०:४५

## गुनाह
१. उत्पत्ति २:१६-१७
२. रोमी ५:१२
३. उत्पत्ति ३:१५

## इब्राहिम्का पुत्र
१. उत्पत्ति १२:१-३
२. उत्पत्ति १७:१९-२१
३. उत्पत्ति २८:१३-१४
४. यशैया ११:१,२,४,१०

## खुदा एक हुनुहुन्छ
१. यूहन्ना १:१-४
२. यूहन्ना १:१४
३. लूका १:३५
४. यूहन्ना ६:३३,३५
५. यूहन्ना ६:५१

## खुदा र मानिस
१. मीका ५:२
२. लूका २:४-७
३. यूहन्ना ८:५६-५८
४. यशैया ९:६-७
५. यशैया ४०:३-५
६. यशैया ४०:९-११
७. यूहन्ना १०:११
८. लूका १:१५-१७
९. लूका १:७६-७८
१०. लूका २:१०-११
११. यूहन्ना १०:३०
१२. यूहन्ना ११:२५-२६
१३. यूहन्ना १:१२
१४. मत्ती ६:९-१३

# शब्दसूची

| | |
|---|---|
| खिदमत् | : सेवा |
| गुनाह | : पाप |
| मजदूरी | : ज्याला |
| किताब ए मुक्कदस | : धर्मशास्त्र |
| गुनाहगार | : पापी |
| कुर्बानी | : बलिदान |
| खुदाको बर्रा | : परमेश्वरको थुमा |
| इशा मसीह | : येशू ख्रीष्ट |
| इद अल-अथ्हा | : बलिदानको चाड |
| इब्राहिम् | : अब्रहाम् |
| खुदा (उर्दू) | : परमेश्वर |
| अल्लाह (अरबी) | : परमेश्वर |
| फिदिया | : साट्ट |
| रास्तबाज | : धार्मिक |
| यह्या | : बप्तिसमा दिने यूहन्ना |
| पाक घुसुल | : बप्तिस्मा |
| खुदाको कलाम | : परमेश्वरको वचन |
| जन्नत | : स्वर्ग |
| अबदी जिन्दगी | : अनन्त जीवन |
| कुबूल | : स्वीकार्नु |

| | |
|---|---|
| अस्सलामु अलैकुम | : तपाईसँग शान्ति रहेको होस् |
| वालेकुम सलाम | : तपाईसँग पनि शान्ति रहोस् |
| तौरेत | : व्यवस्थाको पुस्तक |
| जबूंर | : भजनसँग्रह |
| इंजील ए मुक्कदस | : सुसमाचारको पुस्तक/नयाँ करार |
| पक | : पवित्र |
| कुर'आन | : इस्लाम धर्मग्रन्थ |
| मुहार्रफ | : विगारिएको |
| अस्तागफर अल्लाह | : खुदावंदसँग माफी चाहन्छु |
| रुह अल्लाह | : परमेश्वरको आत्मा |
| रसुल | : प्रेरित |
| अमबियाँ | : अगमवक्ताहरू |
| अहदनामा | : करार |
| मोजेजा | : आश्चर्यकर्म |
| नुह | : नोह |
| ईवादत् | : आराधना |
| काबिल | : कयिन |
| वसिला | : मध्यस्थ |
| कफारा | : चुकाउनु पर्ने मूल्य |
| सलिब | : क्रूस |
| फिदा | : छुट्काराको मूल्य |
| आज्मायिस् | : परीक्षा |
| आयात | : पद वा खण्ड |
| मौत | : मृत्यू |
| नजात दिनेवाला | : उद्धारकर्ता |
| वाइदा | : प्रतिज्ञा |

| | |
|---|---|
| एडी | : कुर्कुच्चो |
| दुआ | : प्रार्थना |
| बरकत | : आशिष् |
| हाज्रा | : हागार |
| जलाल | : महिमा |
| इमान | : विश्वास |
| कलाम | : वचन |
| आदिमा | : शुरुमा |
| पैदा | : सृष्टि |
| कुन फा याकुन | : यस्तो होस्, त्यस्तै भयो |
| मुजस्सम् | : देहधारी |
| पाक | : पवित्र |
| शिफा | : निको |
| पाक रुह | : पवित्र आत्मा |
| जिसम् | : देह/शरीर |
| रुहानी जिन्दगी | : आत्मिक जीवन |
| अवदी जिन्दगी | : अनन्त जीवन |
| इसा पूर्व | : ईशामसीह जन्मनु भन्दा अघि |
| नजात | : मुक्ति |
| कियामत | : पुनरुत्थान |
| शागिर्द | : चेला |
| कबुल | : ग्रहण |
| जिब्राईल | : गाब्रिएल |
| फरिस्ता | : स्वर्गदूत |

| | |
|---|---|
| खुदाको कलाम | : परमेश्वरको वचन |
| खुदाको रुह | : परमेश्वरको आत्मा |
| कालिमात अल्लाह | : परमेश्वरको वचन/वाणी |
| इख्तियार | : अधिकार |
| जमात | : संगति |
| बादशाही | : राज्य |
| कुदरत | : पराक्रम |
| बनी इसराइल | : इस्राएलका सन्तानहरू |
| रुहानी | : आत्मिक |
| नाफर्मानी | : अनाज्ञाकारी |